बालबालिकाको
खानपान:
अभिभावकले
दिनुपर्छ ध्यान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक १५ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 01 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६९

## बारा प्रहरीको झारा टार्ने काम, शुटर पक्राउ परेन

प्रस, वीरगंज, १४ कात्तिक/

रुपेश सर्राफ हत्याकाण्डमा गोली प्रहार गर्ने भारतीय शुटरलाई बारा प्रहरीले अहिलेसम्म पक्राउ गर्न सकेको छैन । बारा प्रहरीले रूपेश सर्राफको योजनाकार पक्राउ गरेर भ्रम मात्र छरेको स्थानीयले आरोप लगाएका छन् ।

२४ घण्टा बितिसक्दा पनि जिल्ला प्रहरी कार्यालय, बाराले हत्याराबारे आधिकारिक जानकारी गराएको छैन । मुख्य योजनाकारसहित छजना पक्राउ परेको प्रहरी स्रोतले जनाएको छ ।

भोलि बुधवार बारा प्रहरीले पत्रकार सम्मेलन गरी घटनाबारे आधिकारिक जानकारी गराउने तयारी गरेको बुझिएको छ ।






मृतक रूपेश सर्राफ, उनको नयाँ घर र विद्यालय । तस्वीरः प्रतीक

**घटनाको कारण**

बारा, कलैया उपमहानगरस्थित मदर्सा टोलमा घर भएका रूपेश सर्राफ (गुड्डु)को हत्याको कारण प्रेमप्रसङ्ग रहेको स्रोतले बताएको छ। बाल एकता बोर्डिङ स्कूलमा लामो समयदेखि लेखापाल पदमा कार्यरत राधा गुप्तासँग रूपेशको लामो समयदेखि प्रेमसम्बन्ध रहेको बताइन्छ । विवाहित रूपेशको लेखापाल राधासँग प्रेमसम्बन्ध रहेको परिवारले थाहा पाएपछि पारिवारिक सल्लाहमा रूपेशले लेखापाल राधालाई विद्यालयबाट निष्कासित गरेका थिए ।

जागिरबाट निकालिए पनि राधा र रूपेशबीच भेटघाट रोकिएको थिएन । रूपेशका दुई सन्तान र पत्नी रहेकाले राधासँग बिहे हुने कुरै भएन त्यसमाथि राधाको अर्को प्रेमी रहेको बताइन्छ । राधाका अर्को एकजना पनि प्रेमी रहेको रूपेशले थाहा पाएपछि दुवैजनाबीच झगडा पनि हुने गरेको थियो ।

विद्यालयबाट निकालिएपछि तीव्र असन्तुष्ट रहेकी राधाले रूपेशलाई मार्ने योजना बनाएको बताइन्छ। सोही योजना अनुरूप उनलाई हिजो गोली हानी हत्या गरिएको बताइन्छ। साउन १३ र २८ गते राधाले रूपेशलाई मार्न अर्को प्रेमीको सहयोग लिएको बताइन्छ तर उनको प्रयास असफल भएको प्रहरी स्रोतले बताएको छ ।

घटनाको प्रकृति हेर्दा रूपेशलाई सार्पशुटरहरूले गोली हानेको जस्तो देखिन्छ। उनको छाती, खुट्टा र पिठ्यूँमा गोली लागेको छ । गोली प्रहारपछि हत्याराले रूपेशको मोबाइलसमेत लगेका छन् ।

विद्यालयबाट निकालिएपछि राधासँग विवाद हुँदा रूपेशले राधाको अन्तरङ्ग भिडियो देखाएर साम्य पार्ने गरेका थिए । भनेको कुरा नमानेपछि राधालाई धम्क्याउँदै रूपेशले अन्तरङ्ग भिडियो फेसबूकमा अपलोड गर्छु भन्दै धम्की दिने गरेको बताइन्छ । सोही कारणले सुटरले गोली हानेर रूपेशको मोबाइल लिएर गएको हुन सक्छ ।

**हत्यामा को को संलग्न**

मदर्साटोलमा हिजो दिउँसो १२:४५ बजे भएको गोलीकाण्ड घटनामा दुईवटा मोटरसाइकलमा चारजना आएका थिए। चालकले हेलमेट लगाएका थिएनन् भने गोली हान्नेले हेलमेट लगाएको प्रहरी स्रोतले जनाएको छ। गोली हान्ने सुजित भन्ने भारतीय नागरिक रहेको स्रोतको दाबी छ। सुटर अहिलेसम्म फेला परेका छैनन्।

**नयाँ घरमा बस्न पाएनन्**

बाल एकता बोर्डिङ स्कूलका सञ्चालकसमेत रहेका रूपेश विद्यालयनजीकै करोडौंको लागतमा सुविधासम्पन्न घर बनाइरहेका थिए । उनको नयाँ घरमा हिजोसम्म काम भएको थियो। कामदारहरू काम गरिरहेका बेला रूपेशकी पत्नीले घरको काममा सघाइरहेकी थिइन् ।

छिमेकीका अनुसार एकजना महिला रुँदै घटनास्थलमा जाँदै गर्दा रूपेशकी पत्नीले सो महिलालाई के भएको भनी सोधेपछि उनले रूपेशलाई कसैले गोली हानेको बताएकी थिइन् । त्यसपछि रूपेशकी पत्नीले घटनाबारे थाहा पाएकी थिइन् ।

तिहारमा रङरोगन गरी नयाँ घरमा सर्ने तयारीमा रहेका रूपेशको सपना अधूरो नै रह्यो। रूपेशका दाइको कलैया बजारमा सुनचाँदीको पसल छ ।

**घटनाबारे प्रजिअ के भन्छन्**

बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले हिजो भएको गोलीकाण्डबाट बारावासीलाई नआत्तिन आग्रह गरेका छन् । उनले यो घटना सङ्गठित नभई व्यक्तिगत इबी तथा आचरणसँग जोडिएकाले बारावासी असुरक्षित नरहेको बताए। उनले बाराको शान्ति सुरक्षा सबल रहेको र व्यापारी, उद्योगी, सर्वसाधारणहरूलाई निर्बाधरूपमा आआफ्नो काम गर्न आग्रह गरे ।

उनले भने, "यो व्यक्तिगत कारणले सिर्जित घटना हो, यस्तो हुन नपर्ने हो । घटनाबारे ९० प्रतिशत अनुसन्धान पूरा भइसकेको छ ।"

यसैबीच, अभिभावक सङ्घ, पर्साले आज प्रेस विज्ञप्ति जारी गरी बाल एकता बोर्डिङ स्कूलका सञ्चालक/प्रधानाध्यापक रूपेश सर्राफको हत्याको आरोपमा पक्राउ परेका व्यक्ति तथा मुख्य अपराधीलाई कडा कारबाई गर्न माग गरेको छ । अपराधीलाई कानूनी दायरामा ल्याइ पीडित परिवारलाई न्याय दिलाउन तथा बारावासीलाई शान्ति सुरक्षाको व्यवस्था मिलाउन सङ्घका अध्यक्ष सन्दीपकुमार साहले विज्ञप्तिमा जनाएका छन् ।

यसैगरी, प्याब्सन, एन प्याब्सन, कलैया उद्योग वाणिज्य सङ्घले पनि विज्ञप्ति जारी गरी हत्यारालाई कडा कारबाई गर्न माग गरेका छन् ।

## खानेपानीले महानगरको सडक खनेर बर्बाद बनाउदै

प्रस, वीरगंज,१४ कात्तिक/

नेपाल खानेपानी संस्थानले वीरगंज



महानगरका अधिकांश कालोपत्र सडक बिगारेको आरोप छ ।

महानगरभित्र रहेका कालोपत्र तथा ढलान सडक फोडेर खानेपानीको पाइप बिछ्याएपछि संस्थानले सडक मरम्मत नगरी त्यसै छाड्ने गर्दा सडकहरू कुरूप देखिएका छन् ।

केही दिनअगाडि मात्र महानगरले घण्टाघरदेखि पावरहाउस चोकसम्मको बिग्रेको सडक मर्मत गरेको थियो । तर खानेपानी संस्थानले सडक खनेर खानेपानीको पाइप बिछ्याएपछि बनेको खाल्डो पुरपार गरेर त्यसै छाड्ने गरेको छ । संस्थानले खानेपानीको लागि दूरसञ्चारअगाडिको सडकको बीच भागमा खाल्डो खनेर त्यत्तिकै छाडेको छ ।

खानेपानी संस्थानका कर्मचारीले टेन्डरबाट सडक खन्ने र बनाउने गरेको बताए । वर्षभरि सडक खन्ने र आर्थिक वर्षको मसान्ततिर सडक मरम्मत गर्ने गरेको संस्थानले बताएको छ । तर वर्ष दिनसम्म सडक मरम्मत नगर्दा खाल्डोका कारण दुर्घटना बढ्ने गरेको छ ।

सडक खन्दा शहर कुरूप देखिन्छ नै, दुर्घटनामा पनि वृद्धि भएको छ, एकजना ट्राफिक प्रहरीले भने । यस विषयमा वीरगंज महानगरपालिका भने मौन छ ।

## चाडपर्वको समयमा बसभाडा वृद्धि



नितेश कर्ण, वीरगंज, १४ कात्तिक/

चाडपर्वको मौका छोपेर यातायात व्यवसायीहरूले भाडा वृद्धि गरेका छन् ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत निजगढ, तामागढी, चन्द्रनिगाहपुर, बाग्मती,

(बाँकी अन्तिम पातामा)

## जिप्रका, पर्साले गैरआवासीय नेपाली तथा विदेशीसँग विवाह गरेकी नेपाली महिलाको सन्तानलाई नागरिकता दिने

प्रस, वीरगंज, १४ कात्तिक/

जिल्ला प्रशासन कार्यालय, पर्साले




गैरआवासीय नेपाली र विदेशी पुरुषसँग विवाह गरेकी नेपाली महिलाको सन्तानलाई नागरिकता दिने भएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले मङ्गलवार सूचना जारी गर्दै सोको लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया र कागजातबारे जानकारी गराएका छन्। नेपाल सरकारको मिति २०८०/२/१७ गतेको नेपाल राजपत्रमा प्रकाशित नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ र नेपाल नागरिकता नियमावली (तेस्रो संशोधन), २०८० लाई कार्यान्वयन गर्ने सन्दर्भमा गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्रको लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया र आवश्यक कागजातबारे अवगत गराएका थिए ।

कागजातहरूमा जुन जिल्लाबाट साबिकको नागरिकताको प्रमाणपत्र जारी भएको हो, सोही जिल्लामा गई गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्रको लागि आवेदन दिनुपर्ने, नागरिकता परित्यागको निस्सापश्चात् गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्र आवेदनको लागि आवश्यक कागजातसहित सम्बन्धित जिप्रकाको सोधपूछ कक्षमा सम्पर्क गर्नुपर्ने बताइएको छ ।

यसैगरी, अनुसूची ८ (ग) बमोजिम सम्बन्धित वडाको सिफारिससहितको निवेदन, अनुसूची ८ (घ) बमोजिमको प्रतिबद्धतापत्र र अनुसूची ८ (च) बमोजिमको शपथ साबिकको नेपाली नागरिकता र राहदानी परित्याग गरेको प्रमाणपत्र, विदेशी मुलुकको नागरिकता र नागरिक भएको प्रमाण, सार्क सदस्य

(बाँकी अन्तिम पातामा)

## पिउने पानीमा कीरा भेटियो

प्रस, निजगढ, १३ कात्तिक/

निजगढ नगरपालिका-७ औतारटोलको एउटा पसलमा पिउने पानीमा भुसुना प्रजातिका कीराहरू भेटिएका छन्। निजगढ नपा-९ मा रहेको पानी प्रशोधित कम्पनीबाट उत्पादित मैत्री ड्प्स लेखिएको पिउने पानीको सिलबन्दी प्लास्टिकको बोतलभित्र उक्त अखाद्य वस्तु भेटिएको निजगढ नपा-४ बागदेवका निश्चलराज अधिकारीले जानकारी दिएका हुन्। पसलबाट पानी किनेर पिउँदा शङ्का लागेर बोतलभित्र हेर्दा पानीमा अखाद्य वस्तु भेटिएको उनले बताए। सोही पसलबाट सोही कम्पनीको अर्को सिलबन्दी पानीको बोतल हेर्दा उस्तै अखाद्य वस्तु भेटिएको उनले बताए । सिलबन्दी पानीप्रति विश्वास रहेकोले कसैले पनि नहेरी पिउने गर्छन्, पानी प्रशोधित कम्पनी यसतर्फ सचेत, सजग भएर पानी प्याकिङ गरी बजारमा ल्याउनुपर्ने उपभोक्ताहरूको भनाइ छ । यो मानव स्वास्थ्यप्रति हदैसम्मको




भुसुना भेटिएको पानीको सिलबन्दी बोतल

खेलबाड भएको पानीमा अखाद्य वस्तु देख्नेले बताएका छन्। यता स्थानीय तह निजगढ नगरपालिकाले प्रभावकारी बजार अनुगमन नगरेको उपभोक्ताहरूको भनाइ छ। विगतमा पनि बोतलबन्द पिउने पानीमा हरियो लेउ, अखाद्य वस्तु भेटिंदै आएका थिए । उत्पादक कम्पनीहरूबाट प्याकिङ भएर बजारमा आउने विभिन्न कम्पनीका जुस, फ्रुटीलगायत अन्य पेय पदार्थहरूमा समेत लेदो, फोहोर, अखाद्य वस्तुहरू भेटिने गरे पनि त्यस्ता कम्पनीविरुद्ध कानूनी कारबाई गरिएको पाइएको छैन। जिल्ला प्रशासन कार्यालय, बारा, खाद्य गुणस्तर कार्यालय, निजगढ नपा, स्थानीय प्रहरी, प्रशासन, उद्योग वाणिज्य सङ्घलगायत सम्बन्धित सरोकारवाला निकायहरूको संयुक्त टोलीले चाडपर्व आउँदै गर्दा वा अन्य समयमा पनि यस्ता पेय पदार्थ तथा खाद्यवस्तुहरूको प्रभावकारी अनुगमन गर्नुपर्ने स्थानीय उपभोक्ताहरूको भनाइ छ ।

**विचारसार र सूक्तिहरू**

**असल सम्बन्ध शर्त र सम्झौताले बन्दैन । यसका लागि दुईजना असल मानिस चाहिन्छ–एउटा जसले बुझ्न सकोस्, दोस्रो जसले निर्वाह गर्न सकोस् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# अनि कसरी देश बन्छ

**हाम्रो देशमा विकृत राजनीति तथा राजनीतिक अन्योलताका कारण मुलुकवासीले लोकतन्त्रको सही अनुभूति गर्न सकेका छैनन् । यहाँका राजनीतिक दल र तीनका नेताहरू लोकतान्त्रिक बन्न सकेका छैनन् । कुर्सीका निम्ति हानाहान, तानातान छ । कुर्सी पाएपछि आफूलाई मालिक सम्झने मानसिकता छ । सरकारमा पुग्ने बित्तिकै आजीवन सत्ताको जिम्मेवारी पाए सरह अहमता चढ्छ । नातागोता, भाइभारदार, आफन्त, गुट, कार्यकर्ता तथा आसेपासेको परिधिभन्दा बाहिर जानै सक्दैनन् । मुलुक र नागरिकको हितमा सोच्ने समयसमेत हुँदैन । सत्ताबाट खसेपछि भने अधैर्यता, छटपटी र बिलौना शुरू हुन्छ । लोकतन्त्रको मर्म बुझ्न र आफू लोकतान्त्रिक बन्न नसक्दाको यो परिणति हो । सुशासन र समृद्धिका लागि हाम्रो मुलुकमा सबै थोक छ । तब पनि मुलुक सधैं उधोगतिमा छ । सरकारमा जो पुगे पनि मुलुकप्रति लापरवाह, अल्छी र निकम्मा छन् । केही गरौं भन्ने इच्छाशक्ति नै छैन ।**

**सरकारमा बस्नेहरू मात्र होइन, देशलाई बर्बादीतर्फ धकेल्न यो मुलुकमा प्रतिपक्षी पनि कम छैन । जब देशमा सत्तापक्षको चुरीफुरी हुन्छ, तब प्रतिपक्षको टाउको दुख्न थाल्छ । डाह, झगडा गर्ने, खुट्टा तान्ने र सरकारलाई कमजोर बनाएर ढाल्ने प्रयास हुन्छ । राजनीतिका जिम्मेवारीमा बसेकाहरूमा शिक्षाको कमी, सचेतना र धैर्यताको अभाव छ । अब यस्तो कुसंस्कारको अन्त्य हुनुपर्छ । नत्र लोकतन्त्रको सुगारटाइले मात्रै मुलुक समृद्ध बन्न र मुलुकवासीले सुख पाउन सक्दैनन् । सङ्घीय सरकार, सातवटै प्रदेश सरकार र सम्पूर्ण पालिका सरकारका पदाधिकारीहरूमा लोकतान्त्रिक सोचको विकास हुनु जरुरी छ । यो देशको भूमि हाम्रोलागि वरदान हो, तर यहाँका राजनीतिक अगुवाहरूको सोच, विचार र शैली अभिशाप बनेर उभिएको छ । हाम्रा हिमाल, पहाडमा जलविद्युत्, पर्यटन, फलफूल तथा जडीबुटी व्यवसाय गरे अर्बौं रकम आर्जन गर्न सकिन्छ । यसका लागि सरकारले राजमार्ग र विद्युत्को विकास गर्न सक्नुपर्छ । त्यसैगरी, हाम्रा तराई–मधेस क्षेत्र सुनको थाल हो । यहाँ उब्जाइएका अन्नले मुलुकवासीलाई पाल्न र विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । तर 'जाँगर चल्दैन हो, मजेरीमा फल्दैन'को अवस्थामा हामी छौं । यहाँका लागि दक्ष जनशक्तिका साथै उन्नत बीउ, सहुलियत कृषि ऋण, कृषि उपकरण र मलखादको व्यवस्था हुनुपर्छ ।**

**हुनत हाम्रो मुलुकमा पढेलेखेका बुद्धिजीवीहरू पनि थुप्रै छन्, तर केही खराब संस्कारले गर्दा मुलुक गलत दिशातर्फ गइराखेको छ । मुलुक जसरी द्रुत विकासमा जानुपर्ने हो, त्यसो भएको छैन । मुलुकमाथि ऋणभार थपिंदो छ । सरकार पूरा अवधि टिक्नै सक्दैन, सरकारकै भविष्य अनिश्चित छ । बेरोजगारी समस्या झन् उकालो चढ्दैछ । देशमा जुनसुकै सरकार आए पनि नागरिकसँग प्रत्यक्ष चासो र चिन्ता जोडिएका विषयहरूमा ध्यान दिने हो भने थोरै काम पनि प्रभावकारी हुन्छ । यसो भएमा त्यो काम गर्ने सरकार अवश्य पनि प्रिय हुनेछ । महँगी नियन्त्रण, सडक निर्माण, फोहोर व्यवस्थापन, उद्यान, शौचालयलगायतका समस्या साना देखिए पनि सर्वसाधारणसँग प्रत्यक्षरूपले जोडिएका विषयहरू हुन् । अन्य देश पनि हामीजस्तै अवस्थाबाट गुज्रिएका हुन् । अन्योल, द्वन्द्व, रोग, भोकमरीजस्ता समस्या अहिले विकसित भनिएका देशले पनि भोगेका हुन् । तर उनीहरूले समस्यालाई सम्बोधन गर्न र थिति बसाल्न निकै शक्ति लगाए । हामीले त्यसो गर्न सकेका छैनौं । अब हामी पनि प्रतिबद्धता साथ अगाडि बढ्नुपर्ने बेला आइसकेको छ ।**

# दशैंपछिको दशा

स्वतन्त्र विचार



**विनोद गुप्ता**

**अब नेपाल सनातन भर्सेस इसाई र मुस्लिम धर्मको धर्मयुद्धको मैदानमा परिणत हुँदैछ र सम्भवतः सही समयमा सही कदम चाल्न सकिएन भने मिशन २०८४ मा टिकटको भागबन्डा धार्मिक र जातीय प्रभावका आधारमा गर्न दलहरू बाध्य हुनेछन् ।**

बडादशैं २०८० सकिएको छ । अब धनधान्यकी देवी माता लक्ष्मीको पूजनोत्सव आउँदैछ । यस्तो पुनीत महीनामा पनि दक्षिण एशियाकै सबैभन्दा गरीब राष्ट्रमा दरिएको दुःखद समाचार सुन्न पाइयो । दरिद्र राष्ट्रमा दरिने र मानव अधिकार आयोगको घटुवा प्रकरणको तलवार त पहिलेदेखि नै झुन्डिराखेकै थियो । अर्थशास्त्रीहरूले बाह्य अर्थतन्त्र सुदृढ हुँदै गए पनि आन्तरिक अर्थतन्त्रको अवस्था बेठीक रहेको ठोकुवा गरिरहँदा पनि सरकारले अर्थतन्त्रलाई लयमा फर्काउन खासै प्रयास गरेको नदेखिएको भनाइ पनि बाहिर आइरहेको छ । अर्थमन्त्री र राष्ट्र बैंकको गभर्नरको विचारमा एकरूपता नदेखिएको समेत चर्चा छ भने प्रधानमन्त्रीले अर्थतन्त्रलाई लयमा फर्काउन कदम चाल्ने भनाइ पनि आएको छ । वास्तविकता के हो ?

२०४६ सालमा प्रजातन्त्र स्थापनापश्चात् काङ्ग्रेसको सरकारले नवउदारवादको नीति अन्तर्गत व्यापार र सेवा क्षेत्रको उदारीकरण एवं उद्योगहरूको नीति अवलम्बन गऱ्यो जुन सैद्धान्तिकरूपमा अत्यन्त उचित त थियो तर उद्योगहरूको निजीकरणको प्रक्रियामैं नगई उद्योग बन्द गर्ने र बेच्ने प्रक्रियाको थालनीले उद्योग क्षेत्र धराशायी हुँदै गयो तर व्यापार र सेवा क्षेत्र भने फस्टाउँदै गयो । २०७२/७३ सम्म कुल गाहस्थ्र्य उत्पादनमा १० प्रतिशतको योगदान दिने उद्योग क्षेत्रको योगदान २०७८/७९ मा ५ प्रतिशतमा झर्न पुग्यो । यस्तो किन भयो भने सर्वप्रथम त ठूलो भनाउँदा औद्योगिक घरानाहरूले कि राजनैतिक दलसँग मोलतोल गरी प्रत्यक्ष वा अप्रत्यक्ष बाटोबाट संसद्मा पहुँच बनाए र त्यसपछि आफ्नो आर्थिक हैसियत (इकोनोमिक पावर)को बलले सरकारी नीतिलाई नै आफू अनुकूल हुनेगरी प्रभावित गर्न थाले जसले राष्ट्रिय आवश्यकता र सत्तारूढ दलको चुनावी घोषणापत्रहरू बाकसमा थन्किन थाले ।

एउटा चुनाव सकिएर अर्को चुनाव आउँदा फेरि नयाँ र थप आकर्षक घोषणापत्र जारी भए पनि पुराना घोषणापत्रका कति प्रतिबद्धता पूरा भए त्यसको लेखाजोखा न जनताले गऱ्यो, न सत्तापक्ष न प्रतिपक्षले नै गऱ्यो । जसको फलस्वरूप देशको राजनीति जनतामा केन्द्रित हुनुको सट्टा सत्तामा केन्द्रित हुन पुग्यो र राजनैतिक दलहरूको समेत एकमात्र उद्देश्य सरकार बनाउने रहन गयो । यस पप्रकारले चलेको सरकारलाई जब–जब पैसाको खाँचो भयो नजीक रहेका व्यावसायिक घरानाहरूलाई लाभ पुऱ्याउने गरी नीति नियम बनाइयो । जसको उत्पादकत्वसँग कुनै साइनो रहेन । यसैको उदाहरणस्वरूप सुपारी, केराउ, मरिच, छोहडाजस्ता वस्तुको आयात छुटलाई लिन सकिन्छ भने मा. जनार्दन शर्मा अर्थमन्त्री भएको बेला फलाम उद्योगमा भएको चलखेल सबैको सामुन्ने नै छ । अझ यतिले मात्रै नपुगेर वैदेशिक लगानीमा आउने उद्योगहरूसँग समेत हिस्सेदारी माग हुन थालेपछि अन्तर्राष्ट्रिय क्षेत्रमा लगानीको साख घटेको ज्वलन्त उदाहरण अमेरिकी विदेश विभागले सन् २०२२ मा जारी गरेको लगानीसम्बन्धी रिपोर्ट नै पर्याप्त छ ।

दलहरूले यी सब विकृतिसँग लड्नुको साटो सजिलो बाटो रोजे । आयात खोलेर राजस्व उठाउने र रेमिट्यान्सको भर पर्ने । तर अहिले विश्व परिस्थिति उल्टो भइदियो । एकातिर रूस–युक्रेन युद्धले निम्त्याएको सङ्कट छ भने अब त झन् रेमिट्यान्स पठाउने देश अर्थात् खाडीका देशहरू नै इजरायलसँग युद्धमा होमिन सक्ने सम्भावना बढ्दै गएको छ । अहिले खपत घटेर आयात घट्दै गएको बेला झन् खाडी देशबाट रेमिट्यान्स पनि आउन घट्न थाल्ने हो भने हाम्रो के हविगत होला सोच्दा नै डर लाग्छ ।

वर्षैपिच्छे सरकार फेर्दै हिंडेको यो देशमा अब केहीले राष्ट्रिय सरकार गठनको कुरा गर्दै हिंडेका छन् भने केहीले राजा फर्काउने । पहिले कुरा गरौं राष्ट्रिय सरकारको । राष्ट्रिय सरकार नै गठन भए पनि, नेतृत्वमा बस्नेहरूले पालैपालो बस्ने सहमति गरे पनि, उनीहरूको छविबारे चर्चा गर्दा एमाले अध्यक्ष केपी ओली–गोदावरी रिसोर्ट, चिनियाँ जहाज खरीद, ओम्नीलगायत प्रकरणका साथै अहिले कम्बोडियाको टेलिकममा ठूलै लगानी भएको कारण चर्चित; कमरेड प्रचण्ड–जनमुक्ति सेनाको क्याम्प प्रकरण, माधव नेपाल–ललिता निवास प्रकरण, डा बाबुराम भट्टराई–ललिता निवास प्रकरण र नेकाका शेरबहादुर देउवा–प्रत्यक्ष संलग्न नदेखिए पनि कुख्याति भने कमाएका देखिन्छन् । यीमध्ये अहिले शक्तिशाली देखिएका ओली, प्रचण्ड र देउवाको आआफ्नो दलमा एकछत्र शासन छ । के यिनीहरूबाट आउँदो दिनमा देशको भलो हुन सक्ने देखिन्छ ?

दोस्रो विकल्पको रूपमा कुरा उठेको छ–छठपछि आन्दोलन गरेर राजतन्त्र र त्यो पनि संवैधानिक राजतन्त्र स्थापित गर्ने । यसमा दुईवटा प्रश्न खडा हुन्छ । पहिलो राजा ज्ञानेन्द्र संवैधानिक राजा भएर बस्लान् ? र दोस्रो अन्तर्राष्ट्रिय शक्तिकेन्द्रले त्यो हुन देला ? नेपाल अहिले धर्म राजनीतिको चपेटामा परेको छ जसतर्फ कसैको ध्यान छैन । अमेरिका र युरोपियन युनियन नेपालको हिन्दूवादी चरित्र नै समाप्त पार्न चाहन्छन् जसको उदाहरण हो ॐ शब्द नेपाली शब्दकोषबाट हटाउन २०७३ मा भएको निर्णय र खासगरी यस वर्ष नेपालमा धरानदेखि नेपालगंजसम्म देखापरेको धार्मिक उन्माद ।

अब नेपाल सनातन भर्सेस इसाई र मुस्लिम धर्मको धर्मयुद्धको मैदानमा परिणत हुँदैछ र सम्भवतः सही समयमा सही कदम चाल्न सकिएन भने मिशन २०८४ मा टिकटको भागबन्डा धार्मिक र जातीय प्रभावका आधारमा गर्न दलहरू बाध्य हुनेछन् । यस्तो भयो भने संसद्ले कस्तो स्वरूप ग्रहण गर्ला र के कस्ता निर्णयहरू गर्ला कल्पनामात्र गर्दा डर लाग्छ ।

इजरायलमा भइरहेको लडाइँ र चीन र अमेरिकाको वर्चस्वको लडाइँ हो र यसमा भारतको, दक्षिण एशियाको नेतृत्व लिएर उदीयमान बन्ने सपना पनि अल्झेको छ । भारत आफैं सन् २०२४ मा चुनावमा होमिंदैछ । यसमा भाजपा विजयी भयो भने नेपालको राजनीतिमा पर्ने धार्मिक प्रभाव र अन्य दलहरूको गठबन्धन विजयी भयो भने पर्ने प्रभाव फरक हुन सक्छ । यो अवधिलाई नेपालले सदुपयोग गर्दै आर्थिक सुधारका केही कदमहरू, जसबाट आम नेपालीको जीवन अहिलेको भन्दा थोरै भए पनि कम कष्टकर होस् भन्नेतिर चाल्न जरूरी छ ।

उद्योगी व्यवसायीकै संरक्षण गर्न पनि आम मानिसको हातमा पैसा वा आय हुन जरूरी छ र यो कसरी पार्ने भन्नेतिर सरकारको सत्प्रयास जरूरी छ । आउँदो लक्ष्मीपूजा अगावै यसले केही देख्न पाए नेपाली जनता गद्गद् हुने थियो । तर सरकार केही नगरी बस्ने हो भने भनिएको आन्दोलन हुने सम्भावना बढ्दै जाने र अन्तर्राष्ट्रिय परिस्थिति अनुसार यसमा वैदेशिक उपस्थिति हुन सक्ने सम्भावनाबाट पन्छिन सकिंदैन ।

# महासचिव गुटेरेसको भ्रमण : कोप–२८ मा हिमालको मुद्दाले पाउला प्राथमिकता

काठमाडौं, १४ कात्तिक/रासस

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपालको औपचारिक भ्रमणका क्रममा जलवायु परिवर्तनको विषयमा प्राथमिकताका साथ चासो व्यक्त गरेका छन् ।

चार दिने भ्रमणाका क्रममा आइतवार नेपाल आइपुगेका उनले सबै भेटवार्तामा नेपालमा जलवायु परिवर्तनले पारेको असरबारेमा छलफल गरेका छन् । विश्व तापमान वृद्धिका कारण संसारको अग्लो शिखर सगरमाथालगायत उच्च हिमाल पग्लँदै गएको सम्बन्धमा महासचिव गुटेरेसले विशेष चासो व्यक्त गरेका हुन् । उनले सोमवार सगरमाथा क्षेत्रको भ्रमण गरी सो क्षेत्रमा जलवायु परिवर्तनले दैनिक जीवनमा असर पारेका स्थानीय समुदायसँग कुराकानीसमेत गरेका थिए ।

महासचिव गुटेरेसले खुम्बु पासाङल्हामु गाउँपालिका–४ का स्थानीय समुदायसँग आगामी जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप–२८)मा स्थानीयका समस्या र सुझावसहित जलवायुले हिमालमा परेको असरबारे ध्यानाकर्षण गराउने उल्लेख गरेका थिए । उनले विश्वको प्रदूषण वृद्धिमा धनी देशहरूको भूमिका रहेको तर खुम्बु पासाङल्यामु गाउँपालिका जस्ता दुर्गम स्थानमा नकारात्मक असर पर्नु दुःखद भएको बताएका थिए ।

यसैगरी, महासचिव गुटेरेसले आज अन्नपूर्ण आधार शिविर पुगेर नेपालमा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले विकसित तथा औद्योगिक राष्ट्रका कारण जलवायु परिवर्तन भइरहेको बताउँदै विश्वव्यापी तापमान वृद्धिका कारण हिमाली शृङ्खलाको हिउँ दिन प्रतिदिन घटिरहेको उल्लेख गरे । धनी तथा औद्योगिक राष्ट्रलाई जलवायु परिवर्तनको असर न्यूनीकरण हुनेगरी प्रविधि तथा उपाय अपनाउन आह्वान गर्दै उनले नेपालमा परिरहेको जलवायु परिवर्तनको असर न्यूनीकरणमा सहयोग गर्न आग्रहसमेत गरे ।

जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप)मा नेपालले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले तुलनात्मकरूपमा बढी असर पारेको मुद्दालाई प्राथमिकताका साथ उठाउँदै आएको छ । कोप–२८ आगामी मङ्सिर १४ देखि २६ गते (नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिख)सम्म संयुक्त अरब इमिरेट्सको दुबईमा हुँदैछ ।

वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले महासचिव गुटेरेसले भ्रमण क्रममा जलवायु परिवर्तनको विषयलाई प्राथमिकता दिएकाले कोप–२८ मा नेपाललाई आफ्ना मुद्दा उजागर गर्न सहज हुने बताए । मन्त्री महतोले भने, "महासचिव गुटेरेसले हिमालको महत्त्व दर्शाउँदै हिमाल पग्लिने क्रम बढेकामा चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले हिमालको मुद्दालाई विश्वको ध्यानाकर्षण गराउन पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । यो हाम्रोलागि सकारात्मक पक्ष हो ।"

कोप–२८ मा नेपालले हिमाल र पर्वतीय मुद्दाका साथै जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानिनोक्सानीका लागि कोषको व्यवस्थापन, उत्सर्जन कटौती र समावेशितालगायत सवाल प्राथमिकताका साथ उठाउने तयारी गरेको मन्त्री डा महतोले जानकारी दिए ।

वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा बुद्धिसागर पौडेलले नेपालको संवेदनशील भूबनोटका कारण जलवायु परिवर्तनको जोखिम पनि बढ्दो रहेको बताए । उनका अनुसार विश्व तापमानमा एक डिग्री सेल्सियस वृद्धि हुँदा नेपालको हिमाली क्षेत्रमा त्यसको असर एक दशमलव आठ डिग्री तापक्रमसम्म बढेको पछिल्लो अध्ययनले देखाएको छ ।

"यस्तो अवस्थामा महासचिव गुटेरेसको नेपाल भ्रमण हुनु र उहाँले सबै छलफलमा जलवायु परिवर्तनको विषयलाई प्राथमिकता दिनु हाम्रोलागि सकारात्मक कुरा हो । यसले कोप–२८ मा हामीलाई हिमालमा जलवायुले पारेको असरका मुद्दा उठाउन पक्कै सहज हुनेछ," सहसचिव पौडेलले भने ।

विगतका तीन/चार दशकको तथ्याङ्क हेर्दा हिमालमा प्रतिदशक शून्य दशमलव शून्य पाँच डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का वरिष्ठ जलवायु परिवर्तन विशेषज्ञ डा अरुणभक्त श्रेष्ठले बताए । उनले भने, "यसको असरले खासगरी हिमनदी पग्लिने क्रम तीव्र बढिरहेको छ । यो निकै संवेदनशील विषय हो ।"

विश्व तापमान वृद्धिले सन् १९८० देखि २०१० सम्मको अवधिमा करीब २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको देखिएको छ । वरिष्ठ जलवायु परिवर्तन विशेषज्ञ डा श्रेष्ठले पेरिस सम्झौता अनुसार विश्व तापमान वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियमा सीमित गर्न सफल भएपनि यो शताब्दीको अन्त्यसम्ममा नेपालको एक तिहाइ हिमनदीको आयतन घट्ने बताए । "जलवायु परिवर्तनले उच्च पहाडी र हिमाली क्षेत्रमा अतिवृष्टिको क्रम बढेको छ । कहिले पानी नपर्ने स्थानमा पनि पानी पर्न थालेको छ," उनले भने, "हिन्दूकुश क्षेत्रको हिमालमा पर्ने जलवायुको असरले प्रत्यक्ष र अप्रत्यक्ष गरी विश्वको एक चौथाइ जनसङ्ख्या प्रभावित हुनेछ ।"

हाल नेपालमा सम्भावित जोखिममा रहेका तालको सङ्ख्या २१ छ । चीनको तिब्बतमा रहेका २५ र भारतको एक हिमताल फुट्दा पनि त्यसको जोखिम नेपालमा पर्ने देखिन्छ । नेपालमा हिमतालको सङ्ख्या दुई हजार ७० छ । जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत संस्था साथसाथैकी अध्यक्ष प्रजिता कार्कीले हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असरले समग्र हिमाली अर्थतन्त्रमा प्रभाव पारेको बताइन् ।

उनले सो क्षेत्रको पारिस्थितिकीय प्रणालीका साथै तल्लो तटीय क्षेत्रका पारिस्थितिकीय प्रणालीमा समेत प्रभाव परेकाले यो विषयमा सबै मिलेर विश्वको ध्यानाकर्षण गराउनुपर्नेमा जोड दिइन् । अध्यक्ष कार्कीले भनिन्, "हामीले पनि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# लुम्बिनीबाट शान्तिको सन्देश प्रवाह गर्दा खुशी लागेको छ -महासचिव गुटेरेस

लुम्बिनी, १४ कात्तिक/रासस

नेपाल भ्रमणका क्रममा मङ्गलवार गौतम बुद्धको जन्मस्थल लुम्बिनी आएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बुद्ध जन्मस्थल लुम्बिनीबाट विश्वभर शान्तिको सन्देश प्रवाह गर्न पाउँदा अत्यन्तै खुशी लागेको बताएका छन् ।

उनले संसारभर भइरहेका सबै प्रकारका द्वन्द्व अन्त्यका लागि शान्तिभूमिबाट आह्वान गरेका छन् । आज बिहान पोखराबाट विशेष विमानमार्फत गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हुँदै लुम्बिनी आइपुगेका गुटेरेसले विश्व सम्पदा सूचीमा सूचीकृत अशोकस्तम्भ परिसरमा आयोजित पत्रकार सम्मेलनमा भने, “संसारभर भइरहेका द्वन्द्व अन्त्यका लागि लुम्बिनीबाट आह्वान गर्छु ।”

बुद्ध जन्मस्थल लुम्बिनी आउन पाउँदा उनले खुशी व्यक्त गर्दै इजरायल, प्यालेस्टाइन, युक्रेन, सुडानलगायत देशमा भएको द्वन्द्व अन्त्य गर्न आह्वान पनि गरे । उनले विश्वभर नै जलवायु परिवर्तनले वातावरणीय क्षेत्रमा पारेको असरप्रति चिन्ता व्यक्त गरे । “शान्ति र मानवता अपरिहार्य विषय हुन्, मानवीयता मर्न दिनुहुन्न,” उनले भने, “बुद्धका सन्देश, पञ्चशीलको सिद्धान्त र राष्ट्रसङ्घको ‘मिशन’ मिल्दोजुल्दो छ । यो शान्तिको मुहान लुम्बिनी घुमौं र यहाँबाट सबैले सिकौं ।”

त्यस्तै, महासचिव गुटेरेसले शान्ति दीपबाट मायादेवी मन्दिरमा पुगेर दर्शन गरेका थिए । यसअघि उनले शान्तिदीपमा दीप प्रज्ज्वलन गर्नुभयो । शान्तिदीपबाट मायादेवी मन्दिरसम्म उनी पैदल गएका थिए । उनले वृक्षारोपणसमेत गरे ।

महासचिव गुटेरेस लुम्बिनी विकास कोषको स्वागत समारोहमा सहभागी भए । लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यका अनुसार महासचिवलाई लुम्बिनीमा रहेका विहार, बौद्धधर्मका गुरु, भिक्षुभिक्षुणीसहित लुम्बिनी सांस्कृतिक नगरपालिकाका स्थानीय आमा समूह, थारूलगायत विभिन्न जातीय समूहले शान्तिदीपबाट



मायादेवी मन्दिरको दुवैतर्फ बसेर स्वागत गरेका थिए ।

यसैगरी, महासचिव गुटेरेसले विकास कोषमा राखिएको अतिथि आगन्तुक पुस्तिकामा हस्ताक्षर गरेका थिए । महासचिवको लुम्बिनी भ्रमणले लुम्बिनी र गौतमबुद्धको शान्तिको सन्देश विश्वभर थप प्रचारप्रसार हुने र लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा मदत पुग्ने अपेक्षा गरिएको छ ।

बुद्ध जन्मस्थल लुम्बिनीमा पहिलोपटक भ्रमणमा आएका महासचिव गुटेरेसलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगै संस्कृति, लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला श्रीपाली, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा ल्यारक्याल लामालगायतले स्वागत गरेका थिए ।

महासचिव गुटेरेसलाई लुम्बिनी विकास गुरुयोजना, उत्खनन, अन्वेषण, अनुसन्धान र ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका विषयमा लुम्बिनी विकास कोषले जानकारी गराएको थियो ।

गुटेरेस लुम्बिनी भ्रमण गर्ने राष्ट्रसङ्घका छैटौं महासचिव हुन् । राष्ट्रसङ्घका तत्कालीन महासचिव ऊ थान्त सन् १९६७ मा राष्ट्रसङ्घको महासचिवका रूपमा लुम्बिनी भ्रमण गर्ने प्रथम महासचिव हुन् । राष्ट्रसङ्घका महासचिवका रूपमा थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको योजनाबद्ध विकासको सुरुआत भएको मानिन्छ ।

**शान्तिको खोज सधैं मानवताको सर्वोच्च आकाङ्क्षा भएको छ -प्रधानमन्त्री**

पुष्पकमल दाहाल प्रचण्डले शान्तिको खोज सधैं मानवताको सर्वोच्च आकाङ्क्षा भएको बताएका छन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई आज गौतमबुद्ध जन्मस्थल लुम्बिनीमा स्वागत गर्दै प्रधानमन्त्री दाहालले देशको परिवर्तन र रूपान्तरणका लागि सङ्घर्षको नेतृत्व गर्ने नेताका रूपमा आफूले शान्ति र द्वन्द्वको मूल्य बुझेको उल्लेख गरे ।

प्रधानमन्त्री प्रचण्डले नेपालले शान्ति प्रक्रियालाई सफलता साथ अघि बढाएको अवगत गराउँदै भने, “हाम्रो शान्ति प्रक्रिया समान परिस्थितिको सामना गरिरहेका देश र समाजका लागि राम्रो उदाहरण हुन सक्छ भन्ने हाम्रो विश्वास छ ।” अहिले आफूहरू शान्ति प्रक्रिया सङ्क्रमणकालीन न्याय प्रणालीको बाँकी काम टुङ्ग्याउनमा संलग्न रहेको उल्लेख गर्दै उनले आफ्नो अन्तिम उद्देश्य देशमा दिगो शान्ति र सद्भाव सुनिश्चित गर्नुरहेको बताए ।

प्रधानमन्त्री प्रचण्डले भने, “अहिले हामी जहाँ उभिरहेका छौं, भगवान् बुद्धको जन्मस्थल, बुद्ध धर्मावलम्बीको पवित्र तीर्थस्थल मात्र होइन, शान्ति र सद्भावको केन्द्र हो, जसले मानवजातिको शाश्वत र प्रबुद्ध शिक्षाको आधारमा व्यापकरूपमा प्रेरणा र मार्गदर्शन गरिरहन्छ ।”

उनले महासचिव गुटेरेसको लुम्बिनी भ्रमणको विशेष महत्त्व रहेको र यसले विश्वव्यापीरूपमा समान मूल्यको संरक्षण र प्रवर्द्धन गर्न खोज्ने संयुक्त राष्ट्रसङ्घको बडापत्रबीच अवस्थित सहजीवन सम्बन्धलाई सुदृढ पार्ने धारणा व्यक्त गरे । सो अवसरमा उनले महासचिव गुटेरेसको विश्वव्यापी महत्त्वको ऐतिहासिक स्थलको भ्रमणको प्रशंसासमेत गरे ।

प्रधानमन्त्री प्रचण्डले लुम्बिनीको विकासमा संयुक्त राष्ट्रसङ्घ लामो समयदेखि संलग्न रहेको उल्लेख गर्दै सन् १९७२ मा जापानी वास्तुकार केन्जो टाङ्गेद्वारा युएनडिपीको सहयोगमा गुरुयोजना शुरू तयार भएको बताए । सोही बेलादेखि संयुक्त राष्ट्रसङ्घले शान्ति र सद्भावको प्रवर्द्धन, तीर्थ र पर्यटनको एक प्रमुख केन्द्रको रूपमा लुम्बिनीको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उनको भनाइ थियो । सन् १९९७ मा संयुक्त राष्ट्रसङ्घले लुम्बिनीलाई विश्व सम्पदा क्षेत्र घोषणा गर्दै यसको ऐतिहासिक र सांस्कृतिक महत्त्वलाई विश्वव्यापी मञ्चमा मान्यता दिएको थियो ।

“शान्ति, सद्भाव र करुणा हाम्रा जन्मजात गुण हुन्, जुन हामीले शान्तिका धर्मदूत र नेपालका प्रबुद्ध पुत्र बुद्धबाट पाएका छौं,” प्रधानमन्त्री प्रचण्डले भने, “विविधतामा एकता नै हाम्रो शक्ति हो र सद्भाव र सहअस्तित्व नै हाम्रो संस्कृतिको आवश्यक तत्त्व हो । हामी “भवतु सर्व मङ्गलम्” र “वसुधैव कुटुम्बकम्”मा विश्वास गर्छौं । उनले पञ्चशीलका सिद्धान्त, असंलग्नता, संयुक्त राष्ट्रसङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिका मूल्य–मान्यताले नेपालको परराष्ट्र नीतिलाई निरन्तरता दिइरहेको बताए ।

“सौहार्दता र भ्रातृत्व हाम्रा अन्तर्राष्ट्रिय संलग्नताका आधारभूत विशेषता हुन् । हामी संयुक्त राष्ट्रसङ्घलाई केन्द्रमा राखेर बहुपक्षीयताप्रतिको हाम्रो प्रतिबद्धतामा अडिग छौं,” उनले भने । त्यसैगरी,

(बाँकी पाँचौं पातामा)

# महिमाको हत्या प्रकरणमा पति र सौता पक्राउ

प्रस, वीरगंज, १३ कात्तिक/

वीरगंज महानगर–१४ बहुअरी बस्ने



तस्वीर: सौजन्य

महिमा खातुनको हत्याको आरोपमा उनका पति र सौता पक्राउ परेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

कात्तिक ४ गते राति ८:४५ बजे वर्ष ४५ का एजहारूल हक अन्सारी कान्छी पत्नी वर्ष २८ की महिमा खातुनलाई छुरा प्रहार गरेर फरार भएका थिए । घरायसी विवादका कारण अन्सारीले महिमालाई कुटपिट गर्नुका साथै धारिलो चक्कूले छाती तथा पेटमा प्रहार गरेका थिए । गम्भीर घाइते र अचेत महिमालाई उपचारको लागि वीरगंज हेल्थ केयर अस्पताल पुऱ्याइएको थियो । उनको उपचारको क्रममा कात्तिक ५ गते बिहान १०:३० बजे मृत्यु भएको थियो ।

अन्सारीका दुईवटी पत्नी रहेका र कान्छी महिमा खातुनलाई घरायसी विवादका कारण ६५ वर्षीय ससुरा फजल करिम मियाँ, ६३ वर्षीया सासू सरिफन खातुन र ३८ वर्षीया सौता नूरजहाँ खातुनसमेतले कुटपिट गरेका थिए । सोही क्रममा अभियुक्त एजहारूल हकले छुरा प्रहार गरेको जिप्रका, पर्साले जनाएको छ ।

प्रहरीले एजहारूलकी जेठी पत्नी ३८ वर्षीया नूरजहाँ खातुनलाई पनि पक्राउ गरेको छ । पक्राउ परेका दुवैजनालाई पर्सा जिल्ला अदालतबाट १२ दिनको म्याद थप भएको र ससुरा, सासूको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# ट्रक नियन्त्रण




प्रस, वीरगंज, १४ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलीबजकभन्दा बढीका तयारी कपडा तथा खुद्रा सामानहरू लोड रहेको एउटा ट्रक नियन्त्रणमा लिएको छ ।

सोमवार राति वीरगंजबाट झापातर्फ जाँदै गरेको ना.३ख ४६५१ नम्बरको ट्रक वीरगंज–१४ गण्डक चोकमा प्रहरीले चेकजाँच गर्दा ४२ लाख ३२ हजार मूल्य बराबरका विभिन्न सामान बिलबीजकभन्दा बढी देखिएपछि नियन्त्रणमा लिई राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जिप्रका, पर्साले जनाएको छ ।

# नियम उल्लङ्घन गर्नेले सक्कल लाइसेन्स नै बुझाउनुपर्ने

काठमाडौं, १४ कात्तिक/रासस

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले नागरिक एपमा सवारी चालक अनुमतिपत्र (लाइसेन्स) लिङ्क रहे पनि नियम उल्लङ्घनपछि कारबाईका क्रममा सक्कल लाइसेन्स नै बुझाउनुपर्ने स्पष्ट पारेको छ ।

कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले कुनै चालकले नागरिक एपमा लिङ्क रहेको सवारी चालक अनुमतिपत्र देखाउँदा पहिचान मात्रै हुने भएकाले नियम उल्लङ्घन गर्नेलाई कारबाईका लागि सक्कल लाइसेन्स नै चाहिने बताएका हुन् ।

नागरिक एपमा जोडिएपछि अब चालकले लाइसेन्स बोक्नुनपर्ने सन्देश जानेगरी समाचार सार्वजनिक भएपछि यस विषयमा कार्यालयले सूचना जारी गरी स्पष्ट पारेको उनले उल्लेख गरे ।

कार्यालयले जारी गरेको सूचनामा भनिएको छ, “हाललाई कुनै चालकले नागरिक एपमा लिङ्क रहेको सवारी चालक अनुमतिपत्र देखाउँदा उक्त चालक लाइसेन्स प्राप्त गरेको व्यक्ति हो वा होइन भन्ने कुराको जानकारीका लागि मात्र मान्य हुन्छ तर ट्राफिक नियम उल्लङ्घन र कारबाई प्रक्रियाको क्रममा भौतिकरूपमा सक्कलै लाइसेन्स आवश्यक पर्ने बेहोरा जानकारी गराइन्छ ।”

ट्राफिक नियम उल्लङ्घन नगरेको अवस्थामा मात्रै नागरिक एपमा जोडिएको लाइसेन्सले काम गर्ने जनाइएको छ । नियम उल्लङ्घनपछि भने यसअघि झैं सामान्य अवस्थामैं जसरी सक्कल लाइसेन्सको आधारमा कारबाई प्रक्रिया अघि बढ्ने जनाइएको छ ।

# पत्नीको हत्या गरी आत्महत्या

वालिङ (स्याङ्जा) १४ कात्तिक/रासस

स्याङ्जाको चापाकोटका एक व्यक्तिले पत्नीको हत्या गरी आत्महत्या गरेका छन् । चापाकोट नगरपालिका–७ खासा बस्ने करीब ५५ वर्षीय देवबहादुर विकले ४६ वर्षीया पत्नी पार्वती विकलाई बन्चरो प्रहर गरेर हत्या गरी आफूले पनि आत्महत्या गरेको चापाकोट इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक विन्देश्वर यादवले जानकारी दिए ।

पतिले पत्नीको घाँटीमा बन्चरो प्रहार गरी हत्या गरेको र त्यस लगत्तै आफू पनि घरनजीकैको रूखमा झुन्डिएर आत्महत्या गरेको हुन सक्ने घटनाको प्रकृतिले देखाएको उनले बताए ।

साँझ खाना खाएर सुत्न कोठामा गएकी छोरी बिहान उठ्दा आमाबुबा उठेको नदेखेपछि कोठामा हेर्दा आमाको हत्या भएको र बाहिर निस्केर हेर्दा घरनजीकैको रूखमा बुबा झुन्डिरहेको देखेपछि छोरीले छिमेकीलाई खबर गरेको प्रनि यादवको भनाइ थियो ।

यसअघि पनि बेलाबखत पत्नीलाई कुट्ने र झैंझगडा हुने गरेको जानकारी पाइएको र हिजो साँझ खाना खाएपछि राति कुन समयमा सो घटना भयो भन्नेबारे यकीन नभएको उनले बताइन् । कार्यालयबाट खटिएको प्रहरी टोलीले घटनास्थलको मुचुल्का गरेपछि दुवै शवलाई शल्यपरीक्षणका लागि चापाकोट अस्पताल ल्याउने तयारी भइरहेको र घटनाबारे थप अनुसन्धान शुरू भएको प्रनि यादवले बताए ।



**आहारा कुरेर बसेका हुटिटचाउ चरा:** घोराही उपमहानगरपालिका–४ डाँडागाउँस्थित कटकैया तलाउमा आहारा कुरेर बसेका हुटिटचाउ चरा । तस्बिर: कुलदीप न्यौपाने/रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, १४ कात्तिक/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले घटेको छ । आज सबैभन्दा धेरै माहुली लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ०५ प्रतिशतले बढेको छ ।




मङ्गलवार नेप्से परिसूचक १४ दशमलव २९ अङ्कले घटेर एक हजार ८६४ दशमलव ४० को बिन्दुमा कायम भएको हो ।

विभिन्न २८६ कम्पनीका २२ लाख ५८ हजार १८७ कित्ता शेयर २५ हजार ६२५ पटक खरीद–बिक्री हुँदा रु ५७ करोड १४ लाख ८३ हजार २७६ बराबरको कारोबार भएको छ ।

आजको कारोबारमा सबै समूहको उपसूचक रातो देखिएका छन् । सबैभन्दा धेरै जीवन बीमा समूह एक दशमलव ४६ र लघुवित्त समूह शून्य दशमलव ८४ प्रतिशतले घटेका छन् ।

सबैभन्दा धेरै घट्नेमा भने सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको शेयर मूल्यमा नौ दशमलव ९८ प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु एक करोड ७० लाख ११ हजार ४७८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने प्रभु स्मार्ट फन्डको सबैभन्दा धेरै एक लाख १७ हजार तीन सय कित्ता शेयर किनबेच भएका छन् ।

# जलवायुजन्य विपद्को चपेटामा मुस्ताङ

सन्तोष गौतम/
म्याग्दी, ११ कात्तिक/रासस

तीन दिनको लगातार वर्षापछि गत साउन २८ गते कागखोलामा आएको बाढीले मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४ कागबेनीमा २९ पक्की भवन, तीन काठे पुल, निर्माण सम्पन्न हुन लागेको एउटा मोटरेबल पुललगायत भौतिक संरचनामा ठूलो क्षति पुऱ्यायो।

विसं २०७१ असोजमा मुस्ताङ, मनाङ, म्याग्दी र डोल्पाको हिमाली क्षेत्रमा हुदहुद आँधीमा परेर पदयात्रामा गएका ४३ जनाले ज्यान गुमाए। २०७८ साल कात्तिक २८ र फागुन २१ गते मुस्ताङको थासाङ गाउँपालिका–२ कोवाङमा टुकुचे हिमालबाट आएको हिमपहिरोले १५० भन्दा बढी चौरीगाई मरे।

उल्लिखित विवरण मुस्ताङमा पछिल्लो समय विपद्का कारण भएको क्षतिका केही उदाहरण हुन्। विश्वव्यापी तापक्रम वृद्धि र मौसममा भएको परिवर्तनका कारण मुस्ताङको जनजीवन प्रभावित हुनाका साथै विपद्को जोखिम बढेको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले बताए।

"विशिष्ट भूगोल भएको मुस्ताङको मौसममा भएको परिवर्तनले विपद्को चुनौती थपेको छ"–उनले भने–"पानी बढी पर्ने र तापक्रम बढेपछि समग्र जनजीवनमा असर परेको छ।" पानी धेरै पर्न थालेपछि माटोले छाएका घर, गुम्बाहरू चुहिने, भत्किने, खोलामा बाढी आएर कटान गर्ने, नदीमा गेग्रान थुप्रिएर बगर बस्तीभन्दा अग्लो हुने, बस्तीमा कटान हुने, खोलाले धार परिवर्तन गर्ने समस्या बढेको छ।

यसैगरी, तल्लो भेगमा स्याउ उत्पादन नहुने, माथिल्लो भेगमा स्याउ फल्ने, स्याउ र आलुमा नयाँ रोग देखिने, उत्पादन घट्ने, पानीका मुहान सुक्ने, चरन क्षेत्रमा घाँस कम उम्रिंदा चौरी, भेंडा र च्याङ्ग्रालाई आहारा अभाव हुने, लामखुट्टेको टोकाइबाट हुने रोगका बिरामी भेटिन थालेको जोमसोमका चन्द्रबहादुर थकालीले बताए।

पानी कम पर्दा मुस्ताङका अधिकांश घर, भवनहरू माटोले छाउने चलन थियो। पछिल्लो समय माटोले छाएका घर चुहिने थालेपछि जस्तापाताले छाउने र ढलान गर्ने क्रम बढेको छ। घरपझोङ गाउँपालिका–५ ठिनीका ७२ वर्षीय बलबहादुर थकालीले पछिल्लो समय धेरै वर्षात् हुने र बेसिजनमा हिमपात हुँदा खेतीबाली लगाउने समय तालिका नै परिवर्तन गर्नुपर्ने अवस्था आएको बताए।

"पुस–माघको हिउँदयाममा हिउँ पर्दैन, असोज कात्तिक र चैत वैशाखमा धेरै हिउँ पर्न थालेको छ"–उनले भने–"गत वैशाख–जेठको झरीले फुलेको स्याउमा पराग सेचन हुन नपाएर यसपालि उत्पादन आधाभन्दा बढीले घटेको छ।" स्याउ उत्पादन राम्रो हुन पुस–माघमा हिउँ पर्नुपर्छ। आजकाल मुस्ताङमा फागुन–चैतमा हिउँ पर्छ। स्याउ फुल्ने बेला यस वर्ष वैशाख–जेठमा हिउँसहित पानी परेको थियो। २३ वर्षको तथ्याङ्कलाई आधार मानेर डा महेन्द्र बानिया, डा ताल्चा भडेल, डा अर्जुन बानियाँ, इन्जिनीयर लक्ष्मीप्रसाद भण्डारी र



इन्जिनीयर नवराज शर्माले गरेका अध्ययन प्रतिवेदनका अनुसार मुस्ताङको पछिल्लो २३ वर्षको वार्षिक तापक्रम ०.१३ प्रतिशतका दरले वृद्धि भएको देखाएको छ।

यही अनुपातमा बढ्दा आगामी एक सय वर्षमा सो क्षेत्रको तापक्रम दोब्बर हुने अनुमान गरिएको छ। जोमसोम केन्द्रमा वार्षिक औसत २९२.७ मिलिमिटर वर्षा हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ। जोमसोमदेखि माथिल्लो क्षेत्रमा पछिल्ला वर्षमा पानी बढी पर्न थालेको विभागको तथ्याङ्क छ।

जोमसोम केन्द्रमा जुलाई महीनाभरि औसत ४६.८ मिलिमिटर र अगस्तमा ४३.९ मिलिमिटर वर्षा मापन भएको थियो। कागबेनीमा बाढी आउँदाको दिन जोमसोममा २५.२ मिलिमिटर वर्षा मापन भएको थियो। यो औसतभन्दा बढी हो। सोही दिन जोमसोममा कालीगण्डकी नदीको बाढीको सतह २.७७ मिटर उचाइमा पुगेको थियो।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको पूर्वाधार महाशाखाका प्रमुख सिनियर डिभिजनल इन्जिनीयर लक्ष्मी भण्डारीका अनुसार कमजोर र भिरालो भूगोल भएको मुस्ताङमा वर्षा धेरै हुँदा माटो बगेर खोलामा मिसिंदा बाढी आउँछ। "खोला किनारमा बस्ती बसाउन उपयुक्त र सुरक्षित हुँदैन। भौतिक संरचना बनाउँदा पनि धेरै अध्ययन आवश्यक छ"–उनले भन– "सडक, पुल र भवनजस्ता सार्वजनिक भौतिक संरचनाको दिगोपनाका लागि मौसम, बाढी, पहिरोको इतिहासलाई आधार बनाएर डिजाइन गर्नुपर्छ।"

कालीगण्डकी र सहायक नदीहरूबाट आउने बाढीको कटानका कारण मुस्ताङको छुसाङ, एक्लेभट्टी, जोमसोम, स्याङ, मार्फा, छैरो, टुकुचे, खन्ती, कोवाङ, लार्जुङको बस्ती जोखिममा परेका छन्। सर्वोच्च अदालतको आदेशका कारण पछिल्लो तीन वर्षयता कालीगण्डकी नदीको बगर उत्खनन र निकासी रोकिएको छ। खोलामा गेग्रान थुप्रिँदै थाने र व्यवस्थापन नगर्दा बस्तीभन्दा माथि बगर हुन थालेको घरपझोङ गाउँपालिकाका पूर्वअध्यक्ष आसबहादुर थकालीले बताए। सर्वोच्चको आदेशले कालीगण्डकीबाट नदीजन्य वस्तु उत्खनन र निकासी रोकिंदा स्थानीय तहले राजस्व गुमाउने तथा गेगर थुप्रिएर बाढी तथा कटानको जोखिम बढाएको थकालीको भनाइ छ।

चार हजार एक सय मिटर उचाइमा रहेको मुस्ताङको समजोङ गाउँका १८ घरपरिवार पानीको खोजीमा नामसुङमा बसाइँ सरेका छन्। खानेपानी र सिंचाइका लागि पानीको अभाव भएपछि २००९ मा धे गाउँका २३ घरपरिवारलाई थाङचुङ सारिएको थियो। विसं २०४२ र २०४४ मा मुस्ताङ हिमताल विस्फोट हुँदा दुईजनाको ज्यान गएको थियो। हिमताल फुटेर विस्थापित भएका ३२ परिवारलाई तनहुँको ढोरफिर्दीमा राखिएको छ।

जलवायु परिवर्तन नियन्त्रण गर्न नसक्दा असर देखिन थालेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एकयाप)का प्रमुख रविन कडरियाले बताए। "तापक्रम वृद्धिले हिमाली क्षेत्रको वन र जीविकोपार्जनमा प्रत्यक्ष असर देखिएको छ"–उनले भने–"पहिले मुस्ताङको घरमा माटाको छानो हुन्थ्यो। अहिले पानी धेरै पार्न थालेपछि घरहरू जस्तापाताले छाउने र ढलान गर्न थालेका छन्।"

दुई दशक अघिसम्म स्याउ फल्ने कोवाङमा अहिले स्याउ उत्पादन राम्रो हुँदैन। स्याउको विकास, अनुसन्धान हुने मार्फाको शीतोष्ण वागबानी विकास केन्द्रलाई माथिल्लो क्षेत्रमा सार्नुपर्ने आवाज उठेको छ। ताङ्वे, छुसाङ, फलेक, झोङलगायत माथिल्लो भेगमा स्याउ खेती हुन थालेको छ। स्याउ मुस्ताङबाट निकासी हुने प्रमुख फलफूल हो।

स्याउ, आलुमा नयाँ रोग देखिने, उत्पादन घट्ने र गुणस्तरमा पनि असर पर्न थालेको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताए। यसपालि स्याउ उत्पादन ४० प्रतिशतले घट्न सक्ने अनुमान गरिएको छ। "फूल खेलेर पराग सेचन हुने समयमा धेरै वर्षा हुँदा फूलबाट स्याउको दाना कम लागेको छ"–उनले भने–"यस वर्ष स्याउको फूल फुल्ने समय वैशाख–जेठ महीनामा वर्षाले स्याउ बोटमा पराग सेचन (पोलिनेशन) हुन पाएन।"

मुस्ताङको एक हजार चार सय ७५ हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकोमा ५८० हेक्टर क्षेत्रफलमा लगाइएको स्याउ बोटले उत्पादन दिने गरेको छ। गत वर्ष मुस्ताङमा छ हजार ६ सय मेट्रिक टन स्याउ उत्पादन भएको थियो। रु ५० करोड मूल्य बराबरको चार हजार ६ सय २० मेट्रिक टन स्याउ म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौंलगायत शहरमा निकासी भएको थियो।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले बेमौसमी र अत्यधिक वर्षाका कारण माटोले बनेका घर भत्किन थालेका बताए। "गत साउनमा तीन दिनको वर्षापछि कागखोलाको बाढीले कागबेनीलाई तहसनहस पाऱ्यो"–उनले भने–"२०७९ असोजको एक हप्ताको झरीले यहाँका धेरै माटोले बनेका घरहरू चुहिने र भत्किन थालेपछि पलास्टिकको टनेल वितरण गरेका थियौं।"

मुस्ताङबाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य विकल शेरचन जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि भौतिक निर्माणलाई वातावरणमैत्री बनाउनुपर्ने, इन्धन खपत कम गर्ने, जैविक विविधताको संरक्षण र विकसित देशले हरितगृह ग्याँस उत्सर्जन गरेबापत दिने क्षतिपूर्ति रकमलाई अनुकूलनका कार्यक्रम बनाएर परिचालन गर्नुपर्ने बताए।

सरकारले मुस्ताङमा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि रु ५० करोडको कार्यक्रम सञ्चालन गर्ने भएको छ। यही कात्तिक १ गते राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जोमसोममा आयोजना गरेको 'जलवायु संवाद' मा भाग लिन आएका प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) र वन तथा वातावरणमन्त्री वीरेन्द्रकुमार महतोले सो बजेट उपलब्ध गराउने घोषणा गरेका थिए।

"जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने विदेशी दातृ निकायबाट प्राप्त हुने रु ५० करोड मुस्ताङमा खर्चने निर्णय गरेका छौं"–प्रधानमन्त्री दाहालले भनेका थिए– "संयुक्त राष्ट्रसङ्घको हालै सम्पन्न महासभालगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनले नेपालमा पुऱ्याएको क्षति र सम्भावित जोखिमबारे गम्भीरताका साथ विषय उठाएको छु।"

वन तथा वातावरणमन्त्री महतोले जलवायु परिवर्तनको असर र क्षति न्यूनीकरण गर्न विकास योजनालाई वातावरणमैत्री बताउनुपर्ने बताए।

"अवैज्ञानिक किसिमको निर्माणले प्रकृतिमा असर गरेको छ"–उनले भने– "भविष्यमा हुने क्षति र असरको विश्लेषण नगरी विकासका काम गर्ने प्रवृत्ति रोक्न आवश्यक छ।"

जलवायु परिवर्तनका कारण जनजीवनमा परेको असरबारे स्थलगत निरीक्षण र नागरिकको गुनासो सुनेर अन्तर्राष्ट्रिय जलवायु सम्मेलनमा ती विषय उठानका लागि प्रधानमन्त्री र विभागीय मन्त्रीको उपस्थितिमा संवाद गरिएको राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव शरदचन्द्र अधिकारीले बताए।



छट पर्वको आउनै लागदा वीरगंज महानगरपालिकाले पोखरीहरूको सरसफाइ कार्यलाई तीव्रता दिएको छ। अरू बेला पोखरीहरूको सरसफाइमा ध्यान नदिने महानगरको अहिलेको सरसफाइ कार्यबाट भने स्थानीयवासी खुशी देखिन्छन्। नगवा बाइपासमा रहेको पोखरीको सरसफाइ गरिंदै। तस्वीरः नितेश कर्ण

## फरक समाचार

## सधैं तातो रहन्छ शरीर ?

कसैकसैको शरीरको तापमान सामान्यभन्दा बढी हुन्छ। उनीहरूको हात सधैं तातो रहन्छ। यस्ता व्यक्तिले सधैं यही महसूस गर्छन्, कतै मलाई ज्वरो त छैन।



कसैकसैले यसलाई सामान्य सम्झिएर छाडिदिन्छ तर यो ठूलो समस्याको सङ्केत पनि हुन सक्छ। यसको पछाडि थुप्रै कारण पनि हुन सक्छन्। रहनसहन, गलत खानपान, कुनै स्वास्थ्य समस्या, मसालादार खानाको बढी सेवन। यस्ता व्यक्तिको शरीरको तापक्रम सामान्यभन्दा बढी किन हुन्छ ?

**मौसमः** गर्मी मौसममा जो घाममा बढी रहन्छ अथवा काम गर्छन्, उनीहरूको शरीर तातो हुन सक्छ। यस अवस्थालाई हाइपोथर्मियाा पनि भनिन्छ। यद्यपि यो ज्वरो होइन। त्यस्तै, जाडो मौसममा बढी कपडा लगाउँदा पनि शरीरको तापक्रम बढ्नु सामान्य हुन्छ।

**हाइपोथायरायडिज्मः** थाइराइडका रोगीलाई पनि यस प्रकारको समस्या हुन सक्छ। थाइराइड बढ्दा शरीर हलुका गर्म महसूस हुन्छ। पसिना आउने, झाडापखाला लाग्ने, घबराहट हुनेजस्ता लक्षण देखिन्छन्। ज्वरोविना शरीरको तापमान बढी हुनु थाइरायडको कारणले हुन्छ। यो दुःख तब हुन्छ, जब शरीरमा टी३ र टी४ बढ्छ। यस्तो लक्षण महसूस भएपछि तुरुन्त चिकित्सकलाई देखाउनुपर्छ।

**सङ्क्रमणको सङ्केतः** छाती वा पेटसँग सम्बन्धित सङ्क्रमणमा शरीर तातो हुन सक्छ। हलुका ज्वरोले सङ्क्रमणतर्फ इशारा गर्छ, यसलाई हलुकामा लिनुहुँदैन र चिकित्सकलाई देखाउनुपर्छ।

**बच्चा र बुजुर्गः** कम उमेरका बच्चा वा बुजुर्गको शरीर तातो हुन सक्छ। ससाना बच्चा घाममा खेल्छन्, जसले गर्दा उनीहरूको शरीरको तापक्रम बढ्छ। त्यस्तै, बुजुर्गमा इम्युनिटी कम भएपछि तापमान बढ्न सक्छ।

**आवश्यकताभन्दा बढी व्यायामः** आजको समयमा मानिस फिट देखिने चक्करमा आवश्यकताभन्दा बढी कसरत गर्छन्, जसले गर्दा उनीहरूको शरीरको तापक्रम बढ्छ। शरीरको क्षमताभन्दा बढी वर्कआउट गर्नुहुँदैन।

**अङ्ग विशेषको तापमानः** शरीरको कुनै विशेष एक अङ्गको तापमान बढ्नु, साथै सुन्निनु वा त्यस भागको रङ बदलिनु पनि कुनै रोगको सङ्केत हुन सक्छ। यस्तोमा बेवास्ता गर्नुहुँदैन र चिकित्सकको सल्लाह लिनुपर्छ।

**ब्लड सुगरको स्तर बढ्नुः** मधुमेहको कारण पनि शरीरको तापक्रम बढ्न सक्छ। यसैले ब्लड सुगर लेभल कन्ट्रोलमा राख्नुपर्छ। जसलाई टाइप १ र टाइप २ मधुमेह छ भने उनीहरूको शरीर अन्य व्यक्तिभन्दा सामान्यरूपले बढी तातो हुन्छ।

## पुल–पुश ट्रेन भनेको के हो ?

भारत बुलेट रेल चलाउने तयारीमा छ भने अर्कोतर्फ ससाना योजनामाथि पनि काम गरिरहेको छ, जसले गर्दा त्यहाँका जनताको जीवन सहज होस्।



भारतको रेल मन्त्रालयले पुल–पुश रेल चलाउने तयारी गरिरहेको छ। चाँडै पटना र मुम्बईको बीचमा यो रेल चलाउने तयारी हुँदैछ।

पुल–पुश रेलमा दुईवटा इन्जिन हुन्छन्, एउटा अगाडि, अर्को पछाडि। दुवै इन्जिनले एकैसाथ रेललाई तान्ने र धकेल्ने काम गर्छ। यस प्रकार रेललाई अगाडि बढ्नको लागि केवल एउटा इन्जिनको आवश्यकता हुँदैन। पुल–पुश रेल चलाउनुका थुप्रै फाइदा छन्। यस रेलको गति सजिलै बढाउन सकिन्छ, रेलको क्षमता पनि निकै बढ्छ र यसबाट रेल चलाउनको लागि कम पावरफुल इन्जिनको आवश्यकता पर्छ, जसले गर्दा रेलवेको लागतमा कमी आउन सक्छ।

पुल–पुश रेलको गति पारम्परिक रेलको तुलनामा बढी हुन्छ। यस रेलमा बढी कोच लगाउन सकिन्छ अर्थात् बढी यात्रीले यात्रा गर्न सक्छन्। यसबाट टिकट वेटिङको झन्झट निकै हदसम्म कम हुन्छ। रेलवे सूत्र अनुसार रेलमा जनरल र स्लीपर क्लासको कुल २२ वटा कोच लगाइन्छ। शुरूमा यो एसीरहित हुनेछ। दुईवटा इन्जिन भएपनि यसलाई एउटै चालकले चलाउँछ। भारतीय रेलवेले पुल–पुश रेलको लागि कोच निर्माण शुरू गरेको छ, जसलाई पश्चिम बङ्गालको चितरञ्जन लोकोमोटिभ वर्कमा तयार गरिंदैछ।

## स्वास्थ्य सुझावः हाइपरटेन्शन हुनेहरूको लागि आहार

नियमितरूपले पोटाशियमले भरिपूर्ण खाद्य पदार्थ जस्तै सिमी, केराउ सेवन गर्नुपर्छ। फर्सीको बीउमा जिङ्क प्रचुर मात्रामा हुन्छ, जसले तनावलाई कम गर्न मदत गर्छ। दही सेवनले उच्च रक्तचापको समस्यालाई कम गर्छ। सखरखण्डको सेवन गर्नाले उच्च रक्तचापको समस्या ठीक रहन्छ।

– प्रतीक डेस्क एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## समयसीमा नजीकिँदै गर्दा हजारौं अफगानी पाकिस्तानबाट भागे

पेशावर (पाकिस्तान), १४ कात्तिक/एएफपी

१७ लाख अफगानीका लागि स्वेच्छाले


पाकिस्तानमा रहेका अप्रवासी अफगानीहरू अफगानिस्तानतर्फ लाग्दै । तस्वीरः सिन्हवा

पाकिस्तान छोड्न वा गिरफ्तारीबाट निर्वासनको सामना गर्ने समयसीमाको अन्तिम दिन मङ्गलवार १० हजारभन्दा धेरै अफगानी आप्रवासी सीमामा पुगेका छन् ।

सरकारले बुधवारदेखि कागजातविहीन अफगानीहरूलाई गिरफ्तार गरिने र होल्डिङ सेन्टरमा राख्न शुरू गर्ने बताएको थियो । उनीहरूलाई त्यहाँबाट जबरजस्ती अफगानिस्तान फिर्ता पठाइने पनि सरकारले बताएको थियो ।

काबुलको तालिबान सरकारले पाकिस्तान सरकारको उक्त नीतिलाई 'उत्पीडन' भनेको छ । "हजारौं अफगान शरणार्थीहरू सवारीसाधन लरी र ट्रकहरूमा आफ्नो पालो पर्खिरहेका छन् र यो सङ्ख्या बढिरहेको छ," तोर्खम सीमामा सरकारका वरिष्ठ अधिकारी इर्साद मोहम्मदले भने, "बिहानैदेखि १० हजारभन्दा बढी शरणार्थी जम्मा भएका छन् ।"

सरकारले पाकिस्तानमा अवैधरूपमा रहेका १७ लाख अफगानीलाई देश छोड्न एक महीनाको समयसीमा दिने घोषणा गरेपछि अक्टोबरको शुरूदेखि एक लाखभन्दा बढी अफगानी आप्रवासी पाकिस्तानबाट भागेका छन् ।

"पाकिस्तानी अधिकारीहरूबाट हुने कुनै पनि अपमानबाट बच्न मैले त्यहाँबाट जाने निर्णय गरेको छु," पेशावरको एउटा सहायता शिविरमा शरणार्थी आमाबुबाबाट जन्मिएका जुल्फिकार खानले एएफपीलाई भने ।

उत्तरी तोर्खम सीमाबाट ८० प्रतिशतभन्दा बढी मानिस खैबर पख्तुनख्वा प्रान्तमा गएका छन् । उक्त प्रान्तमा अधिकांश अफगान आप्रवासी बसोबास गर्छन् । स्वेच्छाले गएकाले अहिलेसम्म उनीहरूलाई पक्राउ नगरिएको सो प्रान्तका प्रहरीले बताएको छ । तर कराँची र इस्लामाबादमा अफगान शरणार्थीहरूले पक्राउ, उत्पीडन र जबरजस्ती गरेको बताएका छन् । रासस

## हमास बन्धक वार्ताका लागि थाई विदेशमन्त्री कतार र इजिप्ट जाने

बैंकक, १४ कात्तिक/एएफपी

इजरायलमाथिको हमलामा हमासद्वारा बन्धक बनाइएका २२ थाई नागरिकबारे कुराकानी गर्न मङ्गलवार थाइल्यान्डका विदेशमन्त्री पर्णप्री बहिद्धानुकाराले कतार र इजिप्टको आकस्मिक भ्रमण गरेका छन् ।

इजरायली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा गाजापट्टीबाट हमासले इजरायलमा गरेको आक्रमणमा अधिकांश सर्वसाधारणसहित एक हजार चार सयभन्दा बढी मानिस मारिएका छन् ।

जवाफमा इजरायली सेनाले गाजामा हमला गरेको छ । हमलामा ३००० भन्दा बढी बालबालिकासहित ८,३०० मानिस मारिएका हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

पछिल्लो तथ्याङ्क अनुसार गाजामा हमासले २३० जनालाई बन्धक बनाएको छ । थाई विदेश मन्त्रालयका अनुसार तीमध्ये २२ जना थाई नागरिक छन् ।

प्रधानमन्त्री श्रेथा थाभिसिनले सोमवार थाई नागरिकहरूलाई स्वदेश फर्काउन कडा मेहनत गरिरहेको बताएका थिए । उनले बुधवार इजिप्टका विदेशमन्त्रीसँग कुरा गर्नुअघि मङ्गलवार कतारका प्रधानमन्त्री र विदेशमन्त्रीसँग भेट्नका लागि विदेशमन्त्री पर्णप्रीलाई कतार पठाएका थिए ।

पर्णप्रीले इजरायल र गाजामा जारी हिंसाका कारण बन्धक बनाइएका थाई नागरिकको स्थितिबारे कुराकानी गर्ने विदेश मन्त्रालयले एक विज्ञप्तिमा उल्लेख गरेको छ ।

द्वन्द्व शुरू हुँदा इजरायलमा करीब ३० हजार थाई नागरिक काम गरिरहेका थिए । तीमध्ये अधिकांश कृषि क्षेत्रमा संलग्न थिए । मन्त्रालयका अनुसार द्वन्द्वमा कम्तीमा ३२ थाई नागरिकको मृत्यु र १९ जना घाइते भएका थिए ।

"हामी युद्धका पीडितहरूजस्तै छौं"– छिमेकी मुलुक लाओसको भ्रमण गर्नुअघि सोमवार प्रधानमन्त्री श्रेथाले पत्रकारहरूसँग भने–"इजरायलमा अन्य देशको तुलनामा थाई नागरिक धेरै भएकाले हामी सबैभन्दा बढी प्रभावित भएका छौं ।" रासस

## इजरायलद्वारा युद्धविराम अस्वीकार

जेरूसेलम, १४ कात्तिक/एएफपी

इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले सोमवार हमासविरुद्ध युद्धविराम गर्न स्पष्टरूपमा अस्वीकार गरेका छन् । "युद्धविराम गर्नु भनेको हमास र आतङ्कवादसामु आत्मसमर्पण गर्नु हो"– युद्धविरामका लागि संयुक्त राष्ट्रसङ्घीय एजेन्सीहरूको माग अस्वीकार गर्दै उनले भने ।

"यस्तो हुनेछैन"–विदेशी पत्रकारहरूसँग कुरा गर्दै उनले भने– "इजरायलले विजय नभएसम्म यो लडाइँ लडिरहने प्रतिज्ञा गरेको छ ।"

अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूह हमासले आफ्नो भूमिमा आश्चर्यजनक हमला गरेपछि इजरायलले हमासविरुद्ध युद्धको घोषणा गरेको छ । हमासले गरेको हमलामा अधिकांश सर्वसाधारणसहित १४०० जना मारिएका थिए भने २३० नागरिकलाई बन्धक बनाएको थियो ।

त्यसयता इजरायलले हमास शासित गाजाविरुद्ध ठूलो हवाई बमबारी अभियान चलायो । गाजाभित्र भने लामो समयदेखि अपेक्षित स्थलयुद्ध भइरहेको थियो ।

सेनाले उत्तरी गाजा क्षेत्रमा इजरायली पैदल सेनाको तस्बिर जारी गरेको छ । सोमवार प्रत्यक्षदर्शीहरूले गाजाको बाहिरी भागमा ट्याङ्कहरू रहेको बताएका छन् ।

इजरायलले २४ घण्टामा ६०० लक्ष्यमा निशाना बनाएको बताएको छ । यो अहिलेसम्मको सबैभन्दा ठूलो बमबारीमध्ये एक हो । सेनाले हमासबाट हराइरहेकी एक महिलालाई बचाएको बताएको छ ।

प्रधानमन्त्री नेतन्याहूले युद्धले हमासलाई 'समाप्त' पार्ने वाचा गरेको बताएका छन् । उनका अनुसार हमास समाप्त भएपछि यस्ता समूहका हमलाहरू दोहोरिने सम्भावना हुँदैन ।

इजरायलले अक्टोबर ७ मा हमास र अन्य प्यालेस्टिनी लडाकू समूहले बन्धक बनाएका बन्धकहरूलाई मुक्त गर्ने पनि प्रतिबद्धता व्यक्त गरेको छ ।

संयुक्त राष्ट्रसङ्घले बारम्बार मानवीय युद्धविरामको आह्वान गरेको छ । सोमवार प्यालेस्टिनी शरणार्थीका लागि राष्ट्रसङ्घीय एजेन्सी युएनआरडब्लुले इजरायलले घेराबन्दी गरेको क्षेत्रमा मानवीय सहयोग पूरा गर्न अपर्याप्त रहेको भन्दै उक्त क्षेत्रमा सीमित सङ्ख्यामा ट्रकहरू प्रवेश गरेको बताएको थियो । रासस

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


नेपाल भ्रमणमा रहेका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई मङ्गलवार लुम्बिनीस्थित मायादेवी मन्दिरभित्र रहेको जन्म स्मारक शिलालगायत पुरातात्त्विक विषयमा जानकारी दिँदै वरिष्ठ पुरातत्त्वविद् वसन्त बिडारी । तस्बिरः रासस

## अमेरिका र नेपालबीच महत्त्वपूर्ण साझेदारी –विदेशमन्त्री ब्लिङ्केन

वाशिङ्टन डिसी, १४ कात्तिक/रासस

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले इजरायलमा हमासद्वारा मारिएका दश नेपाली विद्यार्थीप्रति श्रद्धाञ्जलि प्रकट गर्दै उक्त घटनाको निन्दा गरेका छन् ।

सोमवार परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसँग द्विपक्षीय वार्ता गर्नुअघि पत्रकारहरूसँग कुरा गर्दै विदेशमन्त्री ब्लिङ्केनले इजरायलमा हमासद्वारा भएको हमला आतङ्ककारी घटना हो भन्दै सो घटनाको निन्दा गरेका थिए ।

उनले अमेरिकाको विदेश मन्त्रालयमा नेपालका परराष्ट्रमन्त्रीलाई स्वागत गर्न पाउँदा खुशी लागेको उल्लेख गरेका थिए । यसअघि उनले मन्त्री साउदलाई अमेरिकी विदेश मन्त्रालयमा स्वागत गरेका थिए ।

अमेरिकाको औपचारिक भ्रमणका क्रममा सोमवार वाशिङ्टन डिसी आएका परराष्ट्रमन्त्री नारायणप्रकाश साउद र अमेरिकी विदेशमन्त्री ब्लिङ्केनबीच सोमवार द्विपक्षीय भेटवार्ता भएको थियो । सो भेटपछि यहाँ आयोजित संयुक्त प्रेस ब्रिफिङमा विदेशमन्त्री ब्लिङ्केनले भने, "नेपाल र अमेरिकाबीच विगत लामो समयदेखिको कूटनीतिक सम्बन्ध रहेको छ । अहिले नेपाल इन्डो प्यासिफिकमा महत्त्वपूर्ण साझेदारका रूपमा रहेको छ । हामीहरू उक्त क्षेत्रको निर्बाध, खुला, सुरक्षित र समृद्ध क्षेत्रका लागि सँगसँगै काम गर्दै पनि आएका छौं ।"

विदेशमन्त्री ब्लिङ्केनले दुई देशबीचको पारस्परिक सम्बन्धलाई स्वतन्त्र, सुरक्षित तथा समृद्ध बनाउनका लागि दुई देशले अर्थपूर्णरूपमा सहकार्य गर्दै आएको पनि उल्लेख गरे ।

नेपालले क्षेत्रीयस्तरमा मात्र नभई विश्वव्यापीरूपमा नेतृत्वदायी भूमिका निर्वाह गरेको भन्दै विदेशमन्त्री ब्लिङ्केनले राष्ट्रसङ्घीय शान्ति स्थापना मिशनमा खटिएका शान्ति व्यवस्थापकहरूले महत्त्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गरेका थिए । उनले भने, "विश्वभर द्वन्द्वग्रस्त स्थानमा शान्ति स्थापनाका लागि संयुक्त राष्ट्रसङ्घमार्फत नेपालको भूमिका महत्त्वपूर्ण रहेको छ ।"

यसैगरी, अमेरिका र नेपालबीच नागरिकस्तरको सम्बन्धसमेतको सहकार्यमा आर्थिक लगानीलगायतका क्षेत्रमा अमेरिका र नेपालले महत्त्वपूर्ण सहकार्य गर्दै आएको पनि उनले सो प्रेस ब्रिफिङमा उल्लेख गरे ।

परराष्ट्रमन्त्री एनपी साउदले प्रत्युत्तर मन्तव्य दिँदै अमेरिकी विदेशमन्त्रीले नेपाली नागरिकले हालै इजरायलमा ज्यान गुमाउनुपरेको घटनामा व्यक्त गरेका सहानुभूतिका लागि कृतज्ञता ज्ञापन गरे ।

मन्त्री साउदले भने, "हामीहरूले आतङ्कवादी समूहको आक्रमणबाट दश विद्यार्थीलाई गुमाउनुपरेको पीडा छ भने अर्कातर्फ एकजनाको अवस्था अझै अज्ञात रहेको छ । यस्तो अवस्थामा हामीलाई सहानुभूति दर्शाउने सबैप्रति हाम्रो सम्मान छ ।"

साथै परराष्ट्रमन्त्री साउदले अमेरिका नेपालको महत्त्वपूर्ण विकास साझेदार भएको उल्लेख गर्दै अमेरिकाले विभिन्न क्षेत्रमा विशेषगरी पूर्वाधार, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा अमेरिकाले गर्दै आएको सहयोगका लागि धन्यवाद ज्ञापन गरे ।

मन्त्री साउदले विश्वव्यापीरूपमा उत्पन्न जटिल परिस्थितिका बावजूद नेपाललाई प्राथमिकतामा राखेर अमेरिकी विदेशमन्त्री ब्लिङ्केनले द्विपक्षीय वार्ताका लागि उपलब्ध गराएको समयका लागि आभार प्रकट गरे ।

मन्त्री साउदले भने, "नेपाललाई अमेरिकी सरकार र अमेरिकी नागरिकले सङ्कटका घडीमा गरेका सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।"

## एडिबीसँग रु १३ अर्ब बराबरको ऋण सम्झौता

काठमाडौं, १४ कात्तिक/रासस

नेपाल सरकार र एशियाली विकास बैंक (एडिबी)बीच नेपालको सडक सञ्जाल सुधार तथा विस्तारका लागि करीब रु १३ अर्ब (१० करोड अमेरिकी डलर) बराबरको सहुलियतपूर्ण ऋण सम्झौता भएको छ ।

मङ्गलवार अर्थ मन्त्रालयमा एक औपचारिक कार्यक्रमका बीच अर्थसचिव कृष्णहरि पुष्कर र एशियाली विकास बैंकका नेपालका लागि देशीय निर्देशक आर्नोड काओसिसले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजनाका लागि यो एडिबीबाट भएको अतिरिक्त वित्तीय लगानी हो । कुल ३२४ किलोमिटर सडक सञ्जाल सुधार तथा विस्तारका लागि यो रकम खर्च गरिनेछ । प्रदेश सरकारले कार्यान्वयन गर्ने यो परियोजनाले समावेशी विकासको अवधारणा र सङ्घीयता कार्यान्वयनलाई सघाउने अर्थसचिव पुष्करले विश्वास व्यक्त गरे ।

"ग्रामीण क्षेत्रमा समावेशी विकास र आर्थिक सबलीकरणसँगै यो परियोजनाले सङ्घीयता कार्यान्वयनमा पनि महत्त्वपूर्ण भूमिका खेल्नेछ," अर्थसचिव पुष्करले भने, "बाढीपहिरोलगायतका समस्याबाट सडक सञ्जालसँगै ग्रामीण जनजीवन पनि बिग्रिएको छ । यो परियोजनाले उक्त समस्या समाधानमा भूमिका खेल्नेछ ।"

एडिबीका देशीय निर्देशक आर्नोड काओसिसले विभिन्न पाँच प्रदेशमा गुणस्तरीय र पर्यावरणमैत्री सडक पूर्वाधार निर्माणका लागि यो ऋण सम्झौता भएको बताए । सडक मर्मतसम्भारसँगै पुल निर्माण, सडक सुरक्षा तथा व्यवस्थापनलगायतका काम यो आयोजनामार्फत गरिनेछन् ।

**आजको राशिफल**

| | | | |
|---|---|---|---|
| मेष | धनखति | वृष | अन्नलाभ |
| मिथुन | अलमल | कर्कट | धनलाभ |
| सिंह | सफलता | कन्या | अस्वस्थता |
| तुला | शत्रुभय | वृश्चिक | चोरभय |
| धनु | भयचिन्ता | मकर | मित्रमिलन |
| कुम्भ | सफलता | मीन | प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### लुम्बिनी ...

उनले हिमाली क्षेत्रमा बसोबास गर्ने मानिसको जीवनमा जलवायु परिवर्तनको प्रभावप्रति विश्वव्यापी ध्यानाकर्षण गर्ने महासचिव गुटेरेसको प्रतिबद्धताको प्रशंसा गरे । "तपाईंको हिजो खुम्बु क्षेत्रको भ्रमण र आज बिहान अन्नपूर्ण आधार शिविरको भ्रमणको क्रममा तपाईंले जलवायु परिवर्तनले हाम्रा जनताको जीवन र जीविकोपार्जनमा कस्तो असर पारेको छ भन्ने नियाल्नुभएको छ । कार्बन उत्सर्जनमा हाम्रो हिस्सा शून्य भएपनि जलवायु परिवर्तनको असर हामीले भोगिरहेका छौं," प्रधानमन्त्री प्रचण्डले भने, "हामीले विश्वभर शान्ति कायम हुन दिनुपर्छ, शान्तिपूर्ण वातावरणमा बाँच्न पाउने अधिकार सबैका लागि सबै परिस्थितिमा सबैले कायम राख्नुपर्छ ।"

विश्व शान्ति र सुरक्षा सुनिश्चित गर्न सबै प्रकारका असमानता, अन्याय, शोषण, वञ्चितता र गरीबीको अन्त्य गरिनुपर्ने प्रधानमन्त्री प्रचण्डको जोड थियो ।

### महासचिव ...

स्थापनाकालदेखि नै जलवायु न्यायका पक्षमा वकालत गर्दै आएका छौं, जलवायुको असर महिला, बालबालिका र स्थानीय समुदायमा बढी परेको विदितै छ । हामीले यसको क्षतिपूर्तिका लागि विश्वको ध्यानाकर्षण गराउनुपर्छ । महासचिव गुटेरेसको नेपाल भ्रमणले यो विषय आगामी जलवायु सम्मेलनमा उजागर गर्न सहज हुने विश्वास सकिन्छ ।"

# फूटबल प्रतियोगिताको कारण बिहानी कक्षा



प्रस, सेढवा, १३ कात्तिक/

जीराभवानी गाउँपालिकामा जारी सातौं परसवा गोल्डकपका कारण विद्यार्थीहरूको पठनपाठन प्रभावित हुन नदिन गापा अध्यक्ष अनोज चौधरीले बिहानी कक्षा सञ्चालन गर्न निर्देशन दिएका छन्। सो फूटबल प्रतियोगितामा मार्चपास, खेलाडीहरूको स्वागत तथा विभिन्न क्रियाकलाप सञ्चालन गर्न सामुदायिक तथा निजी विद्यालयका सयजना बालबालिका परिचालन गरिएका छन्। दिउँसो १ बजेदेखि खेल शुरू हुँदा विद्यार्थीहरूको ध्यान पढाइमा केन्द्रित नहुने, विद्यालय नजाने वा टिफिनमैं विद्यालयबाट भाग्ने सम्भावना रहेकाले बिहानी कक्षा सञ्चालन गर्न सूचना जारी गरेको अध्यक्ष चौधरीले बताए। बिहान ६:३० देखि १२ बजेसम्म कक्षा सञ्चालन गर्न सूचना जारी गरिएको अध्यक्ष चौधरीले बताए। आज बिहानदेखि जीराभवानी गाउँपालिका अन्तर्गतका २२ वटा सामुदायिक विद्यालयमा बिहानी कक्षा सञ्चालन भएका छन्।

यसका साथै छिमेकी जगरनाथपुर गाउँपालिका वडा नं १, २ र ३ का केही सामुदायिक विद्यालयहरूले पनि गोल्डकपका कारण बिहानी कक्षा सञ्चालन गरेका छन्।

National Healthcare

!!OPPORTUNITY!!

**National Healthcare Pvt. Ltd.,** one of the leading Pharmaceutical Company in Nepal, invites applications from qualified candidates for the following position:-

Job Location: Chhatapipra,Bara, Nepal

**Production Manager: 1**

- Qualification: M. Pharm with NPC registered
- Experience: At least 3 years in relevant area as Assistant Manager or Sr. Executive

Interested & eligible candidates are requested to forward their updated resume & cover letter to **hrdnhc@gmail.com** by 4th November 2023.

सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं।

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### जिप्रका ...

राष्ट्रबाहेकका देशमा बसोवास गरेको प्रमाण, हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपि, निवेदकको नजीकको नाताभित्रको नातेदार नेपाली नागरिकतासहित सनाखतको लागि उपस्थित हुनुपर्नेछ। यदि नजीकको नातेदार नभएमा थप बुझी निजलाई चिन्ने नेपाली नागरिकबाट सनाखत गराउन सकिने सूचनामा उल्लेख छ।

त्यस्तै, जिल्ला प्रशासन कार्यालयले प्रहरीको स्थलगत सर्जमिन मुचुल्कालगायत अन्य माध्यमबाट थप बुझ्न सक्ने बताइएको छ।

यसैगरी, विदेशी पुरुष नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकको सन्तानले नेपाली नागरिकता प्रमाणपत्र पाउनको लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया र आवश्यक कागजातहरूबारे जानकारी गराइएको छ।

कागजातहरूमा सम्बन्धित वडा कार्यालयको अनुसूची ७ बमोजिमको सिफारिशसहितको निवेदन, आमाको नेपाली नागरिकता प्रमाणपत्र, मृत्यु भएको भए मृत्युदर्ता प्रमाणपत्रसमेत, निवेदकको जन्मदर्ता प्रमाणपत्र र शैक्षिक प्रमाणपत्र, आमा र सन्तानको तस्वीर सहितको नाता प्रमाणित, बसाइँसराइ गरी आएकाहरूको हकमा बसाइँसराइ दर्ता प्रमाणपत्र, जग्गाधनी लालपुर्जा, स्थायी बसोबास गरेको सिफारिशपत्र, आमाको विवाह दर्तासमेतको पारिवारिक विवरण खुल्ने कागजात, अनुसूची ७ क बमोजिमको स्वघोषणा, सम्बन्धित वडा तहको किटानी सिफारिश, प्रहरीको स्थलगत सर्जमिन मुचुल्कालगायत गर्न सकिने सहायक प्रजिअ लम्सालले बताएका छन्।

### चाडपर्वको समयमा ...

कमैया, नयाँरोड, हरिवन, नवलपुर, लालबन्दी, फूलझोर, ढल्केबर, गौशाला चोकलगायत ठाउँमा रहेका टिकट बुकिङ काउन्टरहरूले अहिले गाडीको अभाव देखाउँदै बढी भाडा असुलिरहेका छन्। वीरगंजदेखि काठमाडौंको भाडा रु ८५० रहेकोमा अहिले गाडीको अभाव देखाउँदै १२ सयदेखि १५ सय लिइरहेका छन्। त्यस्तै, वीरगंजदेखि जनकपुरको रु ४५० भाडा रहेकोमा अहिले ५०० देखि ५३० सम्म लिइरहेका छन्।

अहिले राजमार्ग तथा बसपार्कहरूमा ट्राफिक प्रहरीले स्थापना गरेको दशैंलक्षित यात्री सहायता कक्ष पनि निष्क्रिय देखिएका छन्। दशैंअगावैदेखि ट्राफिक प्रहरीले ठाउँठाउँमा चेकजाँच गर्दै आएको थियो, अहिले त्यो पनि छोडेको छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## परसवा गोल्डकपः निचुटा र मनहर्वा विजयी

प्रस, सेढवा, १४ कात्तिक/

जीराभवानी गाउँपालिका-३ मा जारी परसवा गोल्डकप २०८० को लिग चरण अन्तर्गत मङ्गलवारको पहिलो खेलमा निचुटा विजयी भएको छ।




तस्वीरः प्रतीक

निचुटाले आयोजक न्यू एभरेस्ट क्लब, परसवालाई शून्यका विरुद्ध एक गोलअन्तरले पराजित गरी तीन अङ्क प्राप्त गरेको छ। निचुटाका जर्सी नं १६ का युवराज खड्काले निर्णायक गोल गरेका थिए। सो खेलमा निचुटाका जर्सी नं ७ का सागर चौधरी 'म्यान अफ दी म्याच' घोषित भए। चौधरीलाई नगदसहित ट्रफी प्रदान गरियो। समूह 'बी' अन्तर्गत रहेका परसवा र निचुटाले तीन/तीन अङ्क प्राप्त गरेका छन् भने बारा-११ को अङ्कविहीन छ। निचुटा र बारा-११ बीचको खेल हुन बाँकी छ।

त्यस्तै, आजै भएको लिग चरणकै दोस्रो खेलमा मनहर्वा, बारा विजयी भएको छ। मनहर्वाले सिद्धपुरलाई शून्यका विरुद्ध सात गोलको विशाल अन्तरले पराजित गरी तीन अङ्क बटुलेको छ।

यस खेलमा 'म्यान अफ दी म्याच' मनहर्वाका गोलकीपर युनेश चौधरी घोषित भए। चौधरीले दुईवटा पेनाल्टी बचाएका थिए। मनहर्वाका लागि निमेश तामाङले तीन गोल गरेका थिए भने मनीष क्षेत्री, मिलन सङ्गठन, अमृत श्रेष्ठ, रूलेश तिमिल्सिनाले एक/एक गोल गरेका थिए। सिद्धपुर दोस्रो हारसँगै लिग चरणबाट बाहिरिएको छ। समूह 'सी'मा पकडीटोल र मनहर्वाले तीन/तीन अङ्क प्राप्त गरेका छन भने यी टीमबीच एउटा खेल बाँकी नै छ।

भोलिको लिग चरणको पहिलो खेल सेढवा र बुद्धनगरबीच हुनेछ। समूह 'ए'मा रहेका सेढवा र पटेर्वासुगौलीको तीन/तीन अङ्क रहेको छ भने बुद्धनगर अङ्कविहीन छ। त्यस्तै, दोस्रो खेल बाराको बकुलिया र ठोरीबीच हुनेछ।

## नेपालद्वारा मलेशिया छ विकेटले पराजित

काठमाडौं, १४ कात्तिक/रासस

आइसिसी टी-२० विश्वकप एशिया छनोट अन्तर्गत मङ्गलवार भएको खेलमा नेपालले मलेशियालाई छ विकेटले पराजित गरेको छ। जारी प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जीत हो। यसअघि हिजो भएको पहिलो खेलमा नेपालले सिङ्गापुरलाई आठ विकेटले पराजित गरेको थियो।

कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा मलेशियाले प्रस्तुत गरेको १६६ रनको लक्ष्य नेपालले १८ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो। नेपालको जीतका लागि कुशल मल्लले विस्फोटक ब्याटिङ गर्दै अर्धशतकीय पारी खेले। उनले ३४ बलमा सात छक्का र दुई चौकासहित ६५ रन बनाए। साथै ओपनर कुशल भुर्तेलले चार छक्का र चार चौकाको सहयोगमा महत्त्वपूर्ण ४३ रन र आसिफ शेखले दुई छक्का र एक चौकाको सहयोगमा ३२ रन बनाए। त्यसैगरी, सन्दीप जोराले १८ र कप्तान रोहित पौडेल र विवेक यादवले दुई/दुई रन बनाए। मलेशियाका लागि मोहम्मद अमिरले तीन र पवनदीप सिंहले एक विकेट लिए।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेशियाले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १६५ रन बनायो। मलेशियाले राम्रो सुरुआत गरे पनि मध्यक्रमका ब्याटर चल्न सकेनन्। उसका लागि ओपनर एवं विकेटकीपर सैयद अजिजले सर्वाधिक ६८ रन बनाए। उनले ४९ बलमा दुई छक्का र आठ चौका प्रहार गरे। साथै जुवैदी जुल्फिकारले २४, शाविन मेनाइडी र विजय उन्नीले समान १३/१३ रन बनाए।

नेपालका लागि अविनाश बोहोराले चार विकेट लिए भने सन्दीप लामिछाने, गुल्सन झा, रोहित पौडेलले एक/एक विकेट लिए।

नेपाल प्रतियोगिताको समूह 'ए'मा छ। नेपालको समूहमा सिङ्गापुर, मलेशिया र ओमान छन् भने समूह 'बी'मा संयुक्त अरब इमिरेट्स (युएई), हङकङ, बहराइन र कुवेत छन्। नेपालले तेस्रो खेल यही कात्तिक १६ गते ओमानसँग खेल्नेछ।

## विश्वकप एशिया छनोट : बहराइन विजयी

काठमाडौं, १४ कात्तिक/रासस

आइसिसी टी-२० विश्वकप एशियाको फाइनल छनोट अन्तर्गत मङ्गलवार भएको खेलमा बहराइनले हङकङलाई २० रनले पराजित गरेको छ।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा जीतका लागि १४७ रनको लक्ष्य पछ्याएको हङकङ १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १२६ रनमा समेटियो। हङकङका अंशुमन रथले सर्वाधिक २८ रन बनाए। जिशान अलिले २१, अजिज खानले १९ तथा नस्रुला रानाले १६ रन बनाए। त्यसबाहेक अन्य कुनै पनि खेलाडीले उत्कृष्ट खेल प्रदर्शन गर्न सकेनन्।

बहराइनका लागि अब्दुल मजिदले तीन विकेट लिए भने रिजवान बट र अलि दाउदले समान दुई/दुई विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको बहराइनले १९ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै १४६ रनको योगफल बनाएको थियो। उसका लागि इमरान अलिले ४३ बलमा पाँच चौका र तीन छक्कासहित ६२ रन बनाए। इमरान अनवरले १५, हैदर बटले १४ तथा रिजवान बुट्टले १३ रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

हङकङका लागि नस्रुला रानाले तीन विकेट लिए भने एहसान खान, अजिज खान र यासिम मुर्तजाले समान दुई/दुई विकेट लिए। जीतसँगै बहराइनले दुई अङ्क जोडेको छ। हिजो भएको पहिलो खेलमा बहराइन युएईसँग पाँच विकेटले पराजित भएको थियो।

हङकङको भने यो पहिलो हार हो। हिजो भएको खेलमा हङकङले कुवेतलाई ३१ रनले हराएको थियो। हङकङले अब बिहीवार युएईसँग खेल्नेछ भने बहराइनले बिहीवार कुवेतसँग खेल्नेछ।

## ओमान २२ रनले विजयी

काठमाडौं, १४ कात्तिक/रासस

आइसिसी टी-२० विश्वकप एशिया छनोट अन्तर्गत मङ्गलवार भएको खेलमा ओमानले सिङ्गापुरलाई २२ रनले पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा ओमानले सिङ्गापुरालाई जीतका लागि १७५ रनको लक्ष्य दिएको थियो। जवाफमा सिङ्गापुर निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १५२ रनमा समेटियो।

सिङ्गापुरका लागि सुरेन्द्र चन्द्रमोहनले सर्वाधिक ३१ बलमा चार चौका र तीन छक्काको मदतमा ४१ रनको योगदान दिए। त्यस्तै, मनप्रीत सिंहले ३१, अरित्रा दत्तले १३ तथा अनिश परामले १२ रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

बलिङतर्फ ओमानका विलाल खान र फयाज बटले दुई/दुई विकेट लिए भने शाकिल अहमद, जिशान मकसुद र अकिब इलियासले समान एक/एक विकेट झारे।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको ओमानले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १७४ रनको योगफल बनाएको थियो। उसका लागि अकिब इलियासले ३५ बलमा चार चौका र चार छक्कासहित ६३ रनको योगदान दिए। त्यस्तै, प्रतीक अथवले ४२, जिशान मकसुद २६ तथा कश्यप प्रजापतिले १२ रन जोडे। सिङ्गापुरका जनक प्रकाश, अनिश पराम र रमेश कलिमुथुले समान दुई/दुई विकेट झारे।

यस जीतसँगै ओमानले प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको छ। हिजो भएको पहिलो खेलमा ओमानले मलेशियालाई ३२ रनले पराजित गरेको थियो। त्यस्तै, सिङ्गापुरको भने यो लगातार दोस्रो हार हो । हिजो भएको पहिलो खेलमा सिङ्गापुर आयोजक नेपालसँग आठ विकेटले पराजित भएको थियो।